# लुम्बिनी प्रतिवेदन



## लुम्बिनी साँस्कृतिक नगरपालिका

लुम्बिनी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**Cáceres City Council**

Extremadura Province, Spain

**लुम्बिनी गार्डेन फाउण्डेसन**
स्पेन

**लुम्बिनी गार्डेन फाउण्डेसन**
नेपाल

# लुम्बिनी साँस्कृतिक नगरपालिका, सहकार्य पालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको सहकार्यमा मिति २०७९ असार मसान्तसम्मका कार्यहरूको प्रगति प्रतिवेदन

## Lumbini Cultural Municipality

Lumbini, Rupandehi
Phone: +977 71 580305, 580350
Email: lumbiniculturalmunicipality@gmail.com
Website: www.lumbinisanskritikmun.gov.np

## Devadaha Municipality

Devadaha, Ward 4, Kerwani, Rupandehi District
Phone: +977 71 577403, 577303
Email: info@devdahamun.gov.np, devdahamun@gmail.com
Website: www.devdahamun.gov.np

## Kapilavastu Municipality

Taulihawa, Kapilavastu, Lumbini Province
Phone: +977 76 560201, 560018, 560019
Email: info@kapilvastumun.gov.np, kapilvastumun.gov@gmail.com
Website: www.kapilvastumun.gov.np

## Ramgram Municipality Office

Parasi, Nawalparasi Nepal.
Phone: +977 78520193, 520684, 520276, 520684
Email: municipalityramgram@gmail.com
Website: www.ramgrammun.gov.np

## Cáceres City Council

Plaza Mayor-1, Cáceres 10003, Extremadura, Spain
Phone:- +34/927255800
Email: informacion@ayto-caceres.es
Website: www.ayto-caceres.es

## Lumbini Garden Foundation

c/ Cavanilles, 43 – Entreplanta. 28007 Madrid, Spain.
+34 910 591 564
Email: Info@fundacionlumbinigarden.com
Website: www.fundacionlumbinigarden.com

## Lumbini Garden Foundation

Office: Sunakothi-27, Lalitpur, Nepal
+977 1 5570488
Office: Lumbini, Nepal
+977071580419
Email: lumbinigardenfoundation@gmail.com
Website: www.fundacionlumbinigarden.com




# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची-महाकाली ।।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।


"शिरमा सगरमाथा छातीमा बुद्ध"


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. १
प्रदेश नं. २
प्रदेश नं. ५
काठमाडौं
संकेत
मापन - १ : १०००,०००

# स्पेनको नक्सा



NORTH ATLANTIC OCEAN
Bay of Biscay
FRANCE
Brive
Le Puy
Valence
Perigueux
Bordeaux
Montelimar
Rhone
Cahors
Rodez
Agen
Avignon
Montauban
Nimes
Mont-de-Marsan
Montpellier
Auch
Toulouse
Marseille
Bayonne
Pau
Tarbes
Carcassonne
Garonne
Gulf of Lion
ANDORRA
Perpignan
Andorra la Vella
Girona
Barcelona
Lleida
Reus
Tarragona
A Coruna
Aviles
Gijon
Santander
Oviedo
Donostia / San Sebastian
Bilbao
Santiago de Compostela
Lugo
Vitoria-Gasteiz
Pamplona
Leon
Pontevedra
Ourense
Vigo
Burgos
Logrono
Huesca
Palencia
Ebro
Soria
Viana do Castelo
Braga
Braganca
Zamora
Valladolid
Duero
Zaragoza
Porto
Vila Real
Douro
SPAIN
Salamanca
Segovia
Aveiro
Viseu
Avila
Guadalajara
Figueira da Foz
Covilha
Coimbra
Madrid
Getafe
Tagus
Teruel
Castellon de la Plana
Balearic Sea
Talavera de la Reina
Cuenca
Mahon
Caldas da Rainha
Leiria
Castelo Branco
Toledo
Palma
Tagus
PORTUGAL
Caceres
Valencia
Amadora
Lisbon
Badajoz
Merida
Guadiana
Ciudad Real
Albacete
Gandia
Denia
Ibiza
BALEARIC ISLANDS
Setubal
Evora
Guadiana
Elche
Alicante
Sines
Beja
Linares
Murcia
Torrevieja
Mediterranean Sea
Guadalquivir
Cordoba
Jaen
Lorca
Cartagena
Sevilla
Portimao
Huelva
Dos Hermanas
Granada
Aguilas
Faro
Gulf of Cadiz
Almeria
Algiers
Tizi Ouzou
Jerez
Malaga
Marbella
Cadiz
NORTH ATLANTIC OCEAN
Algeciras
Gibraltar (U.K.)
Alboran Sea
Strait of Gibraltar
Tanger
Ceuta (SPAIN)
Mostaganem
Tetouan
Oran
Larache
Al Hoceima
Melilla (SPAIN)
Mascara
Ain Temouchent
Sidi Bel Abbes
Nador
Midar
Berkane
Tlemcen
Saida
Oujda
ALGERIA
Taza
Taourirt
Ain Bni Mathar
MOROCCO
Mecheria
CANARY ISLANDS
0 50 100 KM
0 50 100 Miles
La Palma
Lanzarote
Arrecife
Santa Cruz
Fuerteventura
Puerto del Rosario
La Gomera
Tenerife
Las Palmas
El Hierro
Gran Canaria
MOROCCO
W. SAHARA
Spain
International Boundary
Road
River
National Capital
Administrative Capital
City or Town
0 50 100 150 KM
0 50 100 150 Miles
© 2020 Geology.com

# Sites Around Lumbini



# Caceres Province Map




# Caceres Municipality Map




Lumbini Garden
Project Area

# भनाई

लुम्बिनी र नेपालको पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा, वातावरण र खेलकुद लगायतका विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभव आदानप्रदान गर्न विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्म स्थल रहेको लुम्बिनी साँस्कृतिक नगरपालिका, गौतम बुद्धको मावली रहेको देवदह नगरपालिका, गौतम बुद्धले २९ वर्ष विताएको दरबार (घर) तिलौराकोट कपिलबस्तु र गौतम बुद्धको शरिरधातु रहेको रामग्राम नगरपालिका लुम्बिनी प्रदेश र नेपालका ऐतिहासिक धार्मिक एवम पर्यटकीय स्थल भएका नगरपालिकाहरु हुन्। यी चार नगरपालिका र छिमेकी पालिकाको पर्यटन कृषि, स्वास्थ्य, शिक्षा, खेलकुद र वातावरण लगायतको विकासमा पालिकाहरु बीच सहकार्य गरी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरबाट आर्थिक प्राविधिक सहयोग र अनुभवको आदान प्रदान गर्ने उद्देश्य, नीति र योजना अनुसार राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न पालिका, City र सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल र स्पेन बिच संस्थागत सम्बन्ध कायम गरी विभिन्न कार्यक्रममा समन्वय सहकार्य हुँदै आएको छ ।

लुम्बिनी क्षेत्र र नेपालमा रहेका धार्मिक एवं पर्यटकीय स्थलको राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने, बुद्धको शान्तिको सन्देश विश्वभर फैलाउने र सहकार्य पालिकाहरुको एकीकृत विकासमा सहयोग र अनुभवको आदान प्रदान गर्न सहसम्बन्ध एवं भगिनी सम्बन्ध कायम भएका पालिका, City र लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल/स्पेन बिचको संस्थागत सम्बन्धमा थप मजबुत गर्ने उद्देश्यका साथ गरिएका विभिन्न कार्यक्रमहरूको कार्य प्रगतिलाई समेटि लुम्बिनी प्रतिवेदन प्रकाशन गरिएको छ।

लुम्बिनी प्रतिवेदन प्रकाशनले संस्थागत सम्बन्ध कायम भएका सहकार्य पालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको सम्बन्ध, सहकार्य थप मजबुत र दिगो हुने छ। कार्य प्रगतिको जानकारीले सरोकारवालाबाट थप सहयोग सुझाव प्राप्त हुने विश्वास लिएका छौं। कार्यक्रम सञ्चालन र सफल पार्न सहयोग पुऱ्याउनु हुने सहकार्य पालिका, संघ संस्था र महानुभावहरूमा हार्दिक धन्यवाद प्रकट गर्दछौं।

# Contants (विषयसूची)



| | | |
|---|---|---|
| १ | लुम्बिनीको परिचय | १-५ |
| २ | सहकार्य पालिका तथा संघ संस्थाहरूको विवरण | ६ |
| ३ | सहकार्य पालिकाका नगर प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षहरु (२०७९ बैशाख ३० गतेको स्थानीय निर्वाचनबाट निर्वाचित) | ७-१० |
| ४ | सम्बन्ध विस्तार, समन्वय, सहकार्य, सहयोग र अनुभवको आदानप्रदान पृष्ठभुमी, उद्देश्य | ११ |
| ५ | सहकार्य पालिकाहरूको भगिनी सम्बन्ध तथा सह-सम्बन्ध पत्रमा हस्ताक्षर कार्यक्रम | १२-३१ |
| ६ | लुम्बिनी बौद्ध विश्व विद्यालय र लुम्बिनी गार्डेन फाउन्डेसन बिच सहकार्य सम्बन्धी MOU पत्रमा हस्ताक्षर कार्यक्रम | ३२ |
| ७ | राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा सहकार्य पालिकाका प्रमुख लगायतको स्पेन भ्रमण प्रतिवेदन एवम् प्रेस मिट | ४० |
| ८ | सम्माननीय सभामुख अग्नी प्रसाद सापकोटाज्यूबाट स्पेन म्याड्रिड स्थित लुम्बिनी गार्डेन फाउन्डेसनको मुख्यालय भ्रमण | ४३ |
| ९ | सिद्धार्थ उद्योग वाणिज्य संघ रूपन्देही र Caceres चेम्बर अफ कमर्स स्पेन बीच भगिनी सम्बन्ध कायम | ४४ |
| १० | सम्माननिय राष्ट्रपतिज्युसँग लुम्बिनी गार्डेन फाउन्डेसनका पदाधिकारीहरूको भेटघाट | ४५ |
| ११ | सम्माननीय प्रधानमन्त्रीज्यू र राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूसँग स्पेन एक्स्त्रेमादुरा प्रदेशका सभामुख माननीय President of Assembly of Extremadura Autonomous Community HonÚble Ms. Blanca Martín Delgado, नेतृत्वको प्रतिनिधी मण्डल र लुम्बिनी गार्डेन फाउन्डेसनका पदाधिकारी बीच भेटघाट | ४६ |
| १२ | पर्यटनको विकासका लागि सरोकारवालाहरूको बैठक लुम्बिनी | ४७ |
| १३ | १०० शैय्या अस्पताल, साँस्कृतिक हाउस, लुम्बिनी बसपार्क र १५ शैय्या अस्पताल निर्माण गर्न जग्गा प्राप्ति प्रक्रिया अन्तर्गत समुदाय र उपभोक्ताबाट सर्जिमिन कार्य सम्पन्न | ४८ |
| १४ | अन्तर्राष्ट्रिय स्तरको निशुल्क स्वास्थ्य शिविर लुम्बिनी र बागलुङ | ४९-५० |
| १५ | विरामीको अप्रेशन तथा उपचारको लागि डाक्टरहरु र सरोकारवाला संस्थाको बैठक | ५१ |
| १६ | अन्तर्राष्ट्रिय स्तरको १०० शैया अस्पतालको First Pre Project Presentation | ५२ |
| १७ | स्वास्थ्य शिविरमा सहयोग गर्ने नेपाली तथा स्पेनीस डाक्टरहरु र संस्थालाई सम्मान | ५३ |
| १८ | लुम्बिनीको प्रचारप्रसार एवम् पर्यटनको विकासका लागि महाकरूणा बुद्ध मुर्ति गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा स्थापना गर्न सरोकारहरूको बैठक | ५४ |
| १९ | लुम्बिनीको पर्यटन विकासम गरिएका प्रयास र पहलको बारेमा जानकारी दिन प्रेस मिट | ५५ |

# Contants (विषयसूची)


| | | |
|---|---|---|
| २० | लुम्बिनीको प्रचारप्रसार, पर्यटन प्रवर्द्धन तथा विकास र विश्व शान्तिको कामना एवम् Lumbini Garden Caceres Project स्पेनको सफलताका लागि कामना गर्दै दीप प्रज्ज्वलन, प्रार्थना लुम्बिनी मायादेवी मन्दिर परिसर र बौद्ध मन्दिर काठमाडौं | ५६ |
| २१ | बुद्ध मुर्ति परिक्रमा | ५७ |
| २२ | लुम्बिनी र नेपालको राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार र पर्यटन प्रवर्द्धन एवं विकासका लागि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा महाकरूणा बुद्ध मुर्ति अनावरण | ५८ |
| २३ | लुम्बिनी गार्डेन फाउन्डेसनबाट उच्चस्तरीय भेटघाट | ६१ |
| २४ | कार्यबाहक प्रधानमन्त्री एवम् गृहमन्त्री माननीय बालकृष्ण खाँणज्यू, परराष्ट्र मन्त्री माननीय नारायण खड्काज्यू र स्पेन एक्स्त्रेमादुरा प्रदेशका सभामुख माननीय President of Assembly of Extremadura Autonomous Community HonÚble Ms. Blanca Martín Delgado, नेतृत्वको प्रतिनिधी मण्डल र लुम्बिनी गार्डेन फाउन्डेसनका पदाधिकारी बीच भेटघाट | ६२ |
| २५ | लुम्बिनी र नेपालको प्रचारप्रसार र पर्यटन विकासका लागि भुटानलाई बुद्ध मन्दिर | ६३ |
| २६ | लुम्बिनी स्मारिका बिमोचन | ६७ |
| २७ | लुम्बिनी साँस्कृतिक नगरपालिकाको समन्वय शाखा (Lumbini Madrid सचिवालय) का कार्य उपलब्धिहरू | ६८ |
| २८ | लुम्बिनी गार्डेन फाउन्डेसनको केन्द्रिय कार्यालय निरिक्षण | ६९ |
| २९ | समन्वय बैठक सम्पन्न | ७० |
| ३० | लुम्बिनी विकासको अवस्था र भावी कार्यदिशा सम्बन्धि अन्तक्रिया कार्यक्रम | ७१ |
| ३१ | नवनिर्वाचित रूपन्देही, कपिलवस्तु नवलपरासी जिल्लाका सहकार्य पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षज्युहरूसँग परिचय, संस्थागत सम्बन्ध एवम् सहकार्य सम्बन्धि बैठक | ७२-७५ |
| ३२ | सहकार्य पालिका र संस्था बीच अन्तक्रिया एवम् नवनिर्वाचित नगर प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरूलाई बधाई सम्मान र MOU मा हस्ताक्षर कार्यक्रम | ७६-८० |
| ३३ | Very fruitful meeting with the President of Cáceres Provincial Government regarding Lumbini Garden Project of Cáceres (Extremadura), Spain. Lumbini Garden Foundation | ८१ |
| ३४ | लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनबारे | ८२ |
| ३५ | लुम्बिनीका सहकार्य पालिकाहरूको अन्तर्राष्ट्रिय सम्पर्क कार्यालय म्याड्रीड स्पेन | ८९ |
| ३६ | Lumbini Garden Project Pareses Spain | ९२ |
| ३७ | लुम्बिनी गार्डेन फाउण्डेसन नेपाल | १०३ |
| ३८ | सहकार्य कृषि संस्था | ११७ |

# लुम्बिनीको परिचय



लुम्बिनी भगवान गौतम बुद्धको पवित्र जन्मस्थल हो। ई.पू. ६२३ मा यहाँको सुन्दर र पवित्र बगैँचामा माता मायादेवीका कोखबाट बौद्ध धर्मका प्रणेता, शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्म भएको थियो। उनले जन्मने बित्तिकै सात पाइला हिँड्दै मनुष्य जातिका लागि यसै ठाउँबाट युगान्तकारी उद्गार प्रकट गरेका थिए। यो पावनभूमी अहिले संसारभरिका बौद्धमार्गी तथा शान्तिप्रेमी सबै मानिसहरू बीच विश्व शान्तिको मुहानका रुपमा प्रसिद्ध छ। सन् १९९७ देखि यो स्थत विश्व सम्पदा सूचीमा समेत सूचिकृत गरिएको छ। हरेक वर्ष संसारभरबाट लाखौंको संख्यामा तीर्थालु, पर्यटक तथा अध्येताहरू लुम्बिनीको भ्रमण गर्छन्।

## धार्मिक महत्व तथा ऐतिहासिक पृष्ठभूमि

विश्वभरका बौद्ध धर्मावलम्बीहरूका लागि लुम्बिनी अत्यन्त महत्वपूर्ण तीर्थस्थल हो। मायादेवी र भगवान बुद्धप्रति अगाध आस्था राख्ने भएकाले हिन्दुहरू समेतको लागि लुम्बिनी महत्वपूर्ण धार्मिक गन्तव्य बनेको छ। लुम्बिनीमा रहेका पुरातात्विक तथा ऐतिहासिक साक्षहरूले शताब्दि औंरदेखि विभिन्न व्यक्तित्वहरूले लुम्बिनीको तीर्थाटन गरेका तथ्यहरू उजागर गर्दछन्। प्रसिद्ध मौर्य सम्राट अशोकले आफ्ना आध्यात्मिक गुरु उपगुप्तको मार्ग दर्शनमा ई.पू. २४९ मा लुम्बिनीको तीर्थ यात्रा गरेका थिए। उनले "हिद बुधे जाते शाक्यमुनिति" -यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएको थियो भन्ने शिलालेख सहितको ढुङ्गाको स्तम्भ खडा गरे जसलाई हाल प्रसिद्ध अशोक स्तम्भका रुपमा लुम्बिनीमा पाउन सकिन्छ। सम्राट अशोकले सिद्धार्थ गौतम जन्मनुभएको सही अवस्थिति चिनाउने स्मारकशिलाको पूजा गरी जन्मेपछि शुद्धिकरणका लागि नुहाईएको पवित्र पोखरी पुष्करिणीको दर्शन गरे। साथै उनले कपिलवस्तु, रामग्राम, देवदह जस्ता ऐतिहासिक ठाउँहरूको भ्रमण समेत गरे।

प्राप्त ऐतिहासिक तथ्यहरूका आधारमा सम्राट अशोकपछि लुम्बिनीको भ्रमण गर्ने चिनियाँ यात्रीहरूमा त्सेङ साई, फाहियान र हुयेन साङ्ग थिए। त्सेङ साईले चौथो शताब्दीमा, फाहियानले पाचौं शताब्दीमा र हुयेन साङ्गले सातौं शताब्दीमा लुम्बिनीको भ्रमण गरेका थिए। यी मध्ये हुयेन साङ्गको यात्रा विवरणले लुम्बिनीको बारेमा विस्तृत रुपमा व्याख्या गरेको छ। उनले लुम्बिनीमा जन्मवृक्षको ठुटो, एउटा चैत्य, अशोक स्तम्भ, पवित्र पोखरी, तेलार नदी, चीसो र तातो पानीका श्रोतहरू भएको कुवा देखेको उल्लेख गरेका छन्। सन् १३१२ मा पश्चिम नेपाल कर्णाली क्षेत्रका राजा रिपु मल्लले लुम्बिनीको भ्रमण गरी आफ्नो यात्राको स्मरण गराउन अशोक स्तम्भमा "ॐ मणि पद्मे हुम रिपु मल्ल चिरं जयतु" भनी लेखे। त्यसपछि भने इतिहासको लामो कालसम्म लुम्बिनी ओझेलमा रहन पुग्यो।

पछि सन् १८९६ मा पाल्पाली गभर्नर जनरल खड्ग शम्शेर र अंग्रेज भारतका पुरातात्विक सर्भेयर एलोइस फुहररले अशोक स्तम्भ पुनः पत्ता लगाएपछि लुम्बिनी फेरि चासो र सरोकारको विषय बन्यो। सन् १८९९ मा पि.सि. मुखर्जीले भगवान बुद्धको जन्मस्थलमा उत्खनन् गरी मायादेवीको मूर्ति पहिचान गर्नुका साथै मन्दिरका केही भग्नावशेषहरू बाहिर देखाए सन् १९३० को दशकमा केशर शम्शेर राणाले मायादेवी मन्दिर परिसरमा उत्खनन गरे। भारतीय पुरातत्वविद् श्रीमती देवला मित्रले सन् १९६२ मा अन्वेषणको कार्य गरिन्।

सन् १९६० को दशकदेखि भने संयुक्त राष्ट्र संघका साथै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरूको समेत सहयोग र सहकार्यमा नेपाल सरकारले विशेष महत्वका साथ विभिन्न निकायहरू निमार्ण गरी लुम्बिनीको उत्खनन्, संरक्षण र सम्बर्द्धनमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ। सन् १९७० मा भवन तथा भौतिक योजना विभाग अन्तर्गत लुम्बिनी विकास परियोजना र सन् १९७५ मा लुम्बिनी विकास समितिको गठन गरी लुम्बिनीको जिम्मेवारी दिइएको थियो। १९८५ देखि स्वायत्त निकायका रुपमा लुम्बिनी विकास कोषको गठन भए पश्चात् लुम्बिनी क्षेत्रको उत्खनन्, संरक्षण र प्रवर्द्धनको काम कोषले नै गर्दै आएको छ। सन् १९९२ देखि १९९६ सम्म कोष, नेपाल सरकार पुरातत्व विभाग र जापान बौद्ध महासंघले संयुक्त रुपमा मायादेवी मन्दिर परिसरमा उत्खनन् कार्य गरेका थिए। हाल लुम्बिनी विश्वभरका लाखौँ मानिसहरूको धार्मिक, आध्यात्मिक तथा पर्यटकीय गन्तव्य रुपमा स्थापित भइसकेको र सुन्दर, शान्त वाटिकाका रुपमा विकसित हुँदै गइरहेको छ।




## लुम्बिनीका धरोहरहरू

### मायादेवी मन्दिर

यस पवित्र स्थलमा रहेका सम्पूर्ण धरोहरहरूमध्ये मायोदेवी मन्दिर प्रमुख आकर्षणको केन्द्रविन्दु हो। विभिन्न शताब्दीमा निर्मित मन्दिरका विभिन्न तहहरूले यसको महत्व तथा प्राचीनता माथि प्रकाश पार्दछन्। भगवान बुद्धको जन्मदृश्य सहितको प्राचीन मायादेवी मूर्ति यस मन्दिरभित्र अवस्थित छ। मन्दिरभित्रका भग्नावशेषहरू ई. पू. पाँचौं शताब्दीदेखि सातौं शताब्दीसम्मका छन्।



### जन्मस्मारक शिला

जन्मस्मारक शिला एक गहिरो कोठामा रहेको छ, जसले भगवान बुद्धको जन्म विन्दुलाई स्पष्ट देखाउँछ। मायादेवी मन्दिर परिसरको सघन उत्खनन् पश्चात् यो शिला सन् १९९६ मा पत्ता लागेको हो।



### मायादेवी मूर्ति



मायादेवीको मूर्तिलाई जन्म मूर्ति पनि भनिन्छ। चौथो शताब्दीमा निर्मित यस मूर्तिले भगवान बुद्धको जन्म दृश्यलाई देखाएको छ। मायादेवीले सहाराको लागि दाहिने हातले रुखको हाँगा समात्नु भएको छ। देब्रेपट्टि छेउमा उहाँकी बहिनी प्रजापती उभिनुभएको छ भने दुई देवगणहरू भगवानको स्वागतका लागि तयारी अवस्थामा देखिन्छन् र नवजात बुद्धको मूर्ति बीचमा देखिन्छ।

### अशोक स्तम्भ



ई.पू.२४९ मा सम्राट अशोकले स्थापना गरेको यस अशोक स्तम्भमा कुँदिएका शिलालेखले भगवान गौतम बुद्धको जन्म लुम्बिनीमा भएको तथ्यको ऐतिहासिक प्रमाण दिन्छ। भगवान बुद्धको जन्मस्थल र लुम्बिनीको सम्बन्धमा यो स्तम्भमा भएको शिलालेख नै सबैभन्दा महत्वपूर्ण, आधिकारिक तथा ऐतिहासिक अभिलेख हो।

### पवित्र पोखरी (पुष्करिणी)

अशोकस्तम्भको दक्षिणमा पवित्र पुष्करिणी अवस्थित छ। मायादेवीले बुद्ध भगवानलाई जन्म दिनुभन्दा अगाडी यहाँ नुहाउनु भएको थियो साथै भगवानलाई पनि यहाँ प्रथम स्नान गराई शुद्ध बनाइएको थियो भन्ने विश्वास रहेको छ।



## लुम्बिनी विकासको लागि गुरूयोजना




### लुम्बिनी गुरुयोजना

प्रा. केन्जो टांगेद्वारा तयार पारिएको लुम्बिनी गुरुयोजना नेपाल सरकार तथा संयुक्त राष्ट्र संघबाट सन् १९७८ मा पारित भयो। त्यस अगाडी नै नेपाल सरकारले लुम्बिनीको विकासका लागि लुम्बिनी विकास समितिको गठन गरिसकेको थियो। उक्त समितिले स्थानीय वासिन्दाहरूको जग्गा अधिग्रहण गरी विकासका पूर्वाधारहरूको निर्माण र वृक्षारोपण जस्ता कार्यहरू गऱ्यो। सन् १९८५ पछि भने लुम्बिनी विकास कोष उक्त गुरुयोजना अनुरुप संरचनाहरू निर्माण गर्न क्रियाशील रहेको छ।

गुरुयोजना क्षेत्रले ३ वर्गमाइल क्षेत्रफल ओगटेको छ। यस क्षेत्रलाई प्रत्येक १ वर्ग माइलका ३ क्षेत्रहरूमा विभाजित गरी पैदल बाटो र केन्द्रीय नहरले जोडिएको छ। ती ३ क्षेत्रहरू :

(क) पवित्र उद्यान (ख) बिहार क्षेत्र (ग) नयाँ लुम्बिनी ग्राम हुन्।

प्रा. केन्जो टांगेको डिजाइनको प्रमुख आकर्षण नै दक्षिणी भागमा अवस्थित पवित्र उद्यान हो। यस क्षेत्रको डिजाइको प्रमुख उद्देश्य आध्यत्मिकता, शान्ति, विश्व भ्रातृत्व र अहिंसा झल्कने वातावरणको सृजना गर्नुका साथै संसारका लागि भगवान बुद्धको सन्देश प्रतिबिम्बित गर्नु हो। पवित्र उद्यानमा पुरातात्विक तथा ऐतिहासिक धरोहरहरू अवस्थित छन्। बगैंचा र सुन्दर पोखरीहरूले यस क्षेत्रलाई अत्यन्त मनमोहक बनाएका छन्। बिहार क्षेत्रलाई केन्द्रिय नहरले दुई भागमा विभाजित गरेको छ। पूर्वी बिहार क्षेत्रमा १३ वटा प्लटहरू थेरवादीहरूका लागि र पश्चिम विहार क्षेत्रमा २९ वटा प्लटहरू महायानी बौद्धमार्गीहरूका लागि छुट्याइएको छ।

सांस्कृतिक केन्द्रमा अनुसन्धान केन्द्र तथा पुस्तकालय, सूचनाकेन्द्र र संग्रहालय अवस्थित छन् जसबाट बौद्ध धर्मसम्बन्धी अध्ययन तथा अनुसन्धानकर्ताहरूलाई सुविधा पुग्दछ। गुरुयोजना क्षेत्रको उत्तरी भाग नयाँ लुम्बिनी ग्रामको रुपमा विकास भइरहेको छ यात्रु तथा पर्यटकहरूले यस स्थानमा आरामदायी होटल, लज, रेष्टुरेण्ट तथा अन्य सुविधाहरू प्राप्त गर्नेछन्। यस क्षेत्रमा दुर्लभ पंक्षी सारस आरक्ष केन्द्र पनि स्थापना गरिएको छ। जापानको धार्मिक संगठन निप्पोन्जन म्योहोजीद्वारा स्थापित विश्व शान्ति स्तुप साथै लुम्बिनी विकास कोषको प्रधान कार्यालय तथा कर्मचारीहरूको निवासस्थान समेत यस क्षेत्रमा अवस्थित छन्।

## कपिलवस्तु क्षेत्र

### तिलौराकोटः

सिद्धार्थ गौतमले आफ्नो जीवनकालको २९ वर्ष बिताएको स्थान तिलौराकोट (प्राचीन कपिलवस्तु) शाक्य राज्यको राजधानी थियो। यो स्थल लुम्बिनीदेखि २८ कि.मि. पश्चिममा पर्दछ ई.पू. नवौं शताब्दीदेखि सन् दोस्रो शताब्दीसम्मका पुरातात्विक भग्नावशेषहरूका साथै प्राचीन दरबारको पूर्वी तथा पश्चिमी द्वार यहाँ देख्न सकिन्छ।



### कुदानः

प्राचीन निग्रोधाराम जहाँ भगवान बुद्धले ज्ञान प्राप्त गरी गृहनगर कपिलवस्तु आउँदा प्रथम पटक पिता शुद्धोधनलाई भेटेका थिए। यो स्थान लुम्बिनीदेखि २८ कि.मि. दक्षिण-पश्चिममा पर्दछ।



### गोटीहवाः

यो ठाउँ ऋकुछन्द बुद्धको जन्मस्थान हो, जहाँ उनले निर्वाण पनि प्राप्त गरेका थिए। यो स्थानमा पनि भाँचिएको अशोक स्तम्भ र प्राचिन स्तुपको भग्नावशेष रहेका छन्।



### सग्रहवाः

हजारौं शाक्यहरूको नरसंहार गरिएको यो स्थानमा हाल केही भग्नावशेषहरू र एक पोखरी रहेको छ। डा. ए. फुहररले यस स्थलमा सन् १८९७ मा उत्खनन् गरी बुद्धकालीन पुरावशेष तथा स्तुपहरू निकालेका थिए।



### निग्लीहवाः

यो ठाउँ कनकमुनि बुद्धको जन्मस्थान हो। हाल यस स्थानमा भाँचिएको अशोक स्तम्भका दुई टुक्रा र निग्लीसागर पोखरी रहेका छन्। यस स्तम्भमा उत्कीर्ण गरिएको शिलालेखले कनकमुनि बुद्धको जन्म यस स्थलमा भएको भन्ने तथ्य प्रमाणित गर्दछ।



### अरौराकोटः

निग्लीहवाबाट १ कि.मि. पूर्वमा अवस्थित आयताकारको संरक्षित स्थलनै अरौराकोट हो। यस पवित्र स्थललाई कनकमुनि बुद्धको गृहनगरको रुपमा पहिचान गरिएको छ।



### सिसहनिया:

यो स्थल तिलौराकोटदेखि १२ कि.मि. दक्षिणमा अवस्थित छ। यो स्थलमा शाक्यहरूद्वारा निर्मित प्राचिन स्तुपहरूका भग्नावशेषहरू यत्र-तत्र



देख्न सकिन्छ। यस स्थलको सतहबाट प्राचिन ईट्टा, मृतिका भाँडाहरू र शाक्यकालिन आहात मुद्राहरू संकलन गरिएको थियो।

उल्लेखित सबै महत्वपूर्ण स्थलहरू कपिलवस्तु जिल्ला सदरमुकामको आसपासमा रहेका छन्।

### देवदह

लुम्बिनीदेखि करिब ५७ कि.मि. पूर्वमा प्राचीन कोलिय वंशको राजधानी देवदह अवस्थित छ। यो स्थल भगवान बुद्धको माताहरू

मायादेवी तथा प्रजापती र राजकुमारी यशोधराको माइतीका रुपमा चिनिन्छ। बुद्धत्व प्राप्तिको ७ वर्षपछि भगवान बुद्ध यहाँ आएका थिए। देवदह वरिपरि अन्य पुरातात्विक स्थलहरू कुमारवर्ती, खयरडाँडा, वैरिमाई, कन्यामाई, भवानीपुर (देवीदमार), माथागढी आदि रहेका छन्। देवदह रुपन्देही जिल्लामा पर्दछ।





### रामग्राम:

झराही खोलाको किनारमा अवस्थित रामग्राम स्तुप ईटाद्वारा निर्माण भएको छ। सात मिटर अग्लो स्तुपमा भगवान बुद्धको अस्तु (अस्टधातु मध्ये एक) रहेको छ। यो स्तुप रामग्रामका राजाले बनाउन लगाएका हुन्। उनी भगवान बुद्धका अस्तु पाउने आठौं राजा थिए। बौद्धग्रन्थ अनुसार सम्राट अशोकले अन्यत्रबाट भै उक्त स्तुपबाट पनि अस्तु झिकी चौरासी हजार स्तुप बनाउन चाहन्थे तर त्यसो गर्न दिइएन। यो पवित्र स्थान नवलपरासी जिल्लाको सदरमुकाम परासी बजारदेखि ४ कि.मि. दक्षिणपूर्वमा पर्दछ।



# सहकार्य पालिका तथा संघ संस्थाहरूको विवरण

१) लुम्बिनी विकास कोष

२) लुम्बिनी बौद्ध विश्व विद्यालय

३) सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देही

**जिल्ला रुपन्देही**

१) लुम्बिनी साँस्कृतिक नगरपालिका

२) देवदह नगरपालिका

३) तिलोत्तमा नगरपालिका

४) सैनामैना नगरपालिका

५) मायादेवी गाउँपालिका

६) गैडहवा गाउँपालिका

७) शुद्धोधन गाउँपालिका

**जिल्ला नवलपरासी**

१) रामग्राम नगरपालिका

२) सुनवल नगरपालिका

३) सुस्ता गाउँपालिका

**जिल्ला कपिलवस्तु**

१) कपिलवस्तु नगरपालिका

२) बुद्धभुमी नगरपालिका

३) शुद्धोधन गाउँपालिका

**पाल्पा जिल्ला**

१) तानसेन नगरपालिका

**जिल्ला बागलुङ**

१) बागलुङ नगरपालिका

**जिल्ला पर्वत**

१) कुश्मा नगरपालिका

२) मोदि गाउँपालिका

३) जलजला गाउँपालिका

**म्याग्दी जिल्ला**

१) बेनी नगरपालिका

# सहकार्य पालिकाका नगर प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष
(मिति: २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचनबाट निर्वाचित)



**सजरुद्दिन मुसलमान**
नगर प्रमुख
लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही
मो: ९८५७०१२५६५



**ध्रुव प्रसाद खरेल**
नगर प्रमुख
देवदह नगरपालिका
रुपन्देही
मो: ९८५७०२६५३८



**सुदिप पौडेल**
नगर प्रमुख
कपिलवस्तु नगरपालिका
कपिलवस्तु
मो: ९८५७०२३८०५



**धनपत यादव**
नगर प्रमुख
रामग्राम नगरपालिका
नवलपरासी
मो: ९८५७०४५४२५



**रामकृष्ण खाँण**
नगर प्रमुख
तिलोत्तमा नगरपालिका
रुपन्देही
मो: ९८५७०४३५६७



**फणेन्द्र प्रसाद शर्मा**
नगर प्रमुख
सैनामैना नगरपालिका
रुपन्देही
मो: ९८५७०३५०३०



**केशव कुमार श्रेष्ठ**
नगर प्रमुख
बुद्धभुमी नगरपालिका
कपिलवस्तु
मो: ९८५७०५०२९०



**विमला अर्याल**
नगर प्रमुख
सुनवल नगरपालिका
नवलपरासी
मो: ९८५७०४८१०२



**सन्तोषलाल श्रेष्ठ**
नगर प्रमुख
तानसेन नगरपालिका
पाल्पा
मो: ९८५७०६०३५३



**रामचन्द्र जोशी**
नगर प्रमुख
कुश्मा नगरपालिका
पर्वत
मो: ९८५७६३००१७



**बसन्त कुमार श्रेष्ठ**
नगर प्रमुख
बागलुङ नगरपालिका
बागलुङ
मो: ९८५७६२००६६



**सुरत के. सी.**
नगर प्रमुख
बेनि नगरपालिका
म्याग्दी
मो: ९८५७६४७०७१

# सहकार्य पालिकाका नगर प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष

(मितिः २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचनबाट निर्वाचित)



**ध्रुवनारायण चौधरी**
अध्यक्ष
मायादेवी गाउँपालिका
रुपन्देही
मो: ९८४७०५४७५७



**सुरेन्द्र पौडयाल**
अध्यक्ष
गैडहवा गाउँपालिका
रुपन्देही
मो: ९८५७०११५३०



**बिष्णु प्रसाद बश्याल**
अध्यक्ष
शुद्धोधन गाउँपालिका
रुपन्देही
मो: ९८५७०२७२९८



**कमलेशशरण चौधरी**
अध्यक्ष
शुद्धोधन गाउँपालिका
कपिलवस्तु
मो: ९८१७५४७००१



**टेकनारायण उपाध्याय**
अध्यक्ष
सुस्ता गाउँपालिका
नवलपरासी
मो: ९८५७०८०१६०



**हिरादेवी शर्मा**
अध्यक्ष
मोदि गाउँपालिका
पर्वत
मो: ९८५७६७८५५५



**राजु आचार्य**
अध्यक्ष
जलजला गाउँपालिका, पर्वत
९८५७६४६१००



**कल्पना हरिजन**
नगर उपप्रमुख
लुम्बिनी साँस्कृतिक
नगरपालिका, रुपन्देही
मो: ९८४३९८६९४७



**विद्यालक्ष्मी गुरुङ**
नगर उपप्रमुख
देवदह नगरपालिका
रुपन्देही
मो: ९८५७०३१२३५



**सुनिता गुप्ता**
नगर उपप्रमुख
कपिलवस्तु नगरपालिका
कपिलवस्तु
मो: ९८५७०५०४१६



**सम्झना चौधरी**
नगर उपप्रमुख
रामग्राम नगरपालिका
नवलपरासी
मो: ९८४७०८१६५३

# सहकार्य पालिकाका नगर प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष

(मिति: २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचनबाट निर्वाचित)



**जागेश्वरीदेवि चौधरी**
नगर उपप्रमुख
तिलोत्तमा नगरपालिका
रुपन्देही
मो: ९८५७०४२७३०



**विना राना**
नगर उपप्रमुख
सैनामैना नगरपालिका
रुपन्देही
मो: ९८४७०५८३६२



**मिरा थारु**
नगर उपप्रमुख
बुद्धभुमी नगरपालिका
कपिलवस्तु
मो: ९८१४४४१३०३



**सुर्य प्रसाद दुवे**
नगर उपप्रमुख
सुनवल नगरपालिका
नवलपरासी
मो: ९८५७०४८१०३



**प्रतीक्षा गाहा सिंजाली**
नगर उपप्रमुख
तानसेन नगरपालिका
पाल्पा
मो: ९८४७१०२८४९



**स्वस्थानी रिजाल**
उपप्रमुख
कुश्मा नगरपालिका
पर्वत
मो: ९८५७६६०६३३



**राजु खड्का**
उपप्रमुख
बागलुङ नगरपालिका
बाग्लुङ
मो: ९८५७६००००१



**ज्योती लामिछाने पौडेल**
उपप्रमुख
बेनि नगरपालिका
म्याग्दी
मो: ९८५७६४७०७२



**नर्वदादेवी उपाध्याय**
उपाध्यक्ष
मायादेवी गाउँपालिका
रुपन्देही
मो: ९८०७५८५००९



**माधुरी जैसवाल**
उपाध्यक्ष
गैडहवा गाउँपालिका
रुपन्देही
मो: ९८२१४०५६८७



**शान्तिदेवि ज्ञवाली**
उपाध्यक्ष
शुद्धोधन गाउँपालिका
रुपन्देही
मो: ९८४७०३४३०७



**होम प्रकाश कुर्मी चौधरी**
उपाध्यक्ष
शुद्धोधन गाउँपालिका
कपिलवस्तु
मो: ९८०७४४९२०६८

# सहकार्य पालिकाका नगर प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष

(मिति: २०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचनबाट निर्वाचित)



**गिता चौधरी**
उपाध्यक्ष
सुस्ता गाउँपालिका
नवलपरासी
मो: ९८५७०८२३११



**विमल लामिछाने**
उपाध्यक्ष
मोदि गाउँपालिका
पर्वत
मो: ९८५७६८४४४४



**दिपक आचार्य**
उपाध्यक्ष
जलजला गाउँपालिका, पर्वत
९८५७६४७१००

## लुम्बिनी



# राष्ट्रिय, अन्तर्राष्ट्रिय पालिका, सरकारी तथा गैर सरकारी संघ संस्थासँग सम्बन्ध विस्तार, समन्वय, सहकार्य, सहयोग र अनुभवको आदानप्रदान

**पृष्ठभुमी:**

लुम्बिनी र नेपाललाई विश्व शान्तिका अग्रदुत गौतम बुद्धको पवित्र जन्मभुमी एवं सर्वोच्च शिखर सगरमाथाको देश भनेर विश्व सामु चिनाउने, बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने लुम्बिनी तथा नेपाल र सहकार्य पालिकहरूको पर्यटन प्रर्वद्धन, सामाजिक, साँस्कृतिक एवम् शैक्षिक, कृषि, स्वास्थ्य, शिक्षा र खेलकुद लगायतका क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदान प्रदान गर्न र राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी लगानी मैत्री वातावरण तयार गर्ने, लुम्बिनी एवम् सहकार्य पालिका र नेपालका धार्मिक एवं पर्यटकीय स्थलको अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार गरी पयर्टनको प्रवर्द्धन विकास, कृषि, शिक्षा, स्वास्थ्य, वातावरण, खेलकुद लगायतका क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय आर्थिक, प्राविधिक सहयोग र अनुभव आदानप्रदान गर्ने, लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन/नेपालद्वारा स्पेनको एक्स्त्रेमादुरा प्रदेशको केसेरेस नगरपालिका (Caceres City Council) मा निर्माण हुन लागेको लुम्बिनी गार्डेन परियोजना एवं लुम्बिनी गार्डेनमा लुम्बिनी सुचना केन्द्र स्थापना, Caceres City Council र Madrid स्पेनमा नेपालका सहकार्य पालिकाहरूको सम्पर्क कार्यालयको स्थापना एवं सञ्चालन गरी विभिन्न कार्यक्रम समन्वय सहकार्य गरी सञ्चालन गरिदै आएको छ र गरिने छ ।

**समन्वय र सहकार्यको उद्देश्य :**

क) लुम्बिनी र नेपालको विश्वभर प्रचारप्रसार गर्ने, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा विश्व शान्ति दुत भगवान गौतम बुद्ध जन्म स्थल र सगरमाथाको देश भनेर चिनाउने सो अनुसारका कार्यक्रम संञ्चालन, समन्वय र सहकार्य गर्ने ।

ख) राष्ट्रिय र अन्तराष्ट्रिय संस्थागत सम्बन्ध विस्तार गर्ने ।

ग) लुम्बिनी र नेपालको विकासका लागि राष्ट्रिय र अन्तरराष्ट्रिय सहयोग र अनुभव आदान प्रदान गर्ने ।

घ) नेपालमा अधिकतम पर्यटक भित्राएर नेपाल र विशेषगरी लुम्बिनी क्षेत्रलाई आन्तरिक र बाह्य पर्यटकको गन्तब्य स्थलको रुपमा विकास गर्ने ।

ङ) संसारभरि नै बौद्ध दर्शनको महत्त्व बढ्दै गएको हुँदा बुद्धले दिनु भएको शान्ति, अहिंसा, परोपकार, सदाचार, अपरिग्रह निमोह जस्ता सदगण मानवहरूको मात्राको लागि महत्त्वपूर्ण रहेको कुरालाई मार्गदर्शकको रूपमा विश्व मानव जगतमा स्थापित गर्ने र यस्तो विचार र मान्यताका शान्ति अनुयायीहरु बृद्धि गर्न सहयोग पुयाउने ।

च) शान्तीका अग्रदुत गौतम बुद्धको मार्ग दर्शन र शान्ती मार्गचित्र पालनाले मात्र अहिले संसार भरि नै व्यापक रहेको, आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक समस्या समाधान हुन सक्छ भन्ने मार्ग दर्शनलाई प्रचार प्रसार गर्ने र शान्ती प्राप्त गर्नको लागि गौतम बुद्ध जन्म स्थल पुगी गौतम बुद्धको दर्शन र मेडिटेसन अभ्यासका लागि सर्वसाधारणलाई उत्प्रेरित गर्नको लागि प्रचार प्रसार गर्ने ।

छ) शान्तीका लागि गौतम बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित क्षेत्र तिलौराकोट घर, देवदह मावली, र रामग्राम अष्टधातु रहेको स्थानको महत्त्वलाई अन्तरराष्ट्रिय स्तरमा जानकारी गराउने ।

ज) बुद्ध जन्मस्थल लुम्बिनीको महत्व र बुद्धसँग सम्बन्धित क्षेत्रको प्रचार प्रसार, लुम्बिनी र नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा विश्व शान्तिका अग्रदुत गौतम बुद्ध जन्मस्थल तथा सगरमाथाको देश भनेर चिनाउन, नेपाल र लुम्बिनी तथा लम्बिनी वरिपरिका पालिकाको पर्यटन र आर्थिक विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न स्पेनको एक्स्त्रेमादुरा प्रदेश स्थित केसेरेस नगरपालिका (Caceres City Council) मा लुम्बिनी गार्डेन फाउण्डेसन स्पेनद्वारा निर्माण हुन लागेको लुम्बिनी गार्डेन निर्माणका कार्य सफलतापुर्वक सम्पन्न गर्न नेपालको तर्फबाट आवश्यक सहयोग जुटाउने ।

झ) स्पेनको एक्स्त्रेमादुरा प्रदेशको Caceres City मा लुम्बिनी गार्डेनमा लुम्बिनी सूचना केन्द्र एवं सहकार्य पालिकाहरूको सम्पर्क कार्यालय स्थापना गरी बुद्ध जन्मस्थल लुम्बिनीको महत्त्व र बुद्धसँग सम्बन्धित क्षेत्र तथा नेपालका पर्यटक स्थलको प्रचार प्रसार गरी नेपालको पर्यटनको विकास गर्ने ।

ञ) नेपालका विभिन्न पालिकाहरू संस्थागत सम्बन्ध कायम भएका बुद्ध लुम्बिनी ग्रप र लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल र स्पेन म्याड्रिड महानगरपालिका, केसेरेस नगरपालिका (Caceres City Council) स्पेन र भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम भएका र भविष्यमा संस्थागत संम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ संस्थाका बिच सुमधुर सम्बन्ध कायम गर्ने, सम्बन्धलाई संस्थागत गर्ने, समन्वय र सहकार्य गर्ने ।

## लुम्बिनी साँस्कृतिक नगरपालिका र भरतपुर महानगरपालिका, कुश्मा नगरपालिका पर्वत, स्पेन म्याड्रिड महानगरपालिका, CACERES नगरपालिका बीच भगिनी सम्बन्ध/MOU पत्रमा हस्ताक्षर कार्यक्रमका तस्विर















## लुम्बिनी साँस्कृतिक नगरपालिका र भरतपुर महानगरपालिका, कुश्मा नगरपालिका पर्वत, स्पेन म्याड्रिड महानगरपालिका, CACERES नगरपालिका बीच भगिनी सम्बन्ध/MOU पत्रमा हस्ताक्षर कार्यक्रमका तस्विर











## लुम्बिनी साँस्कृतिक नगरपालिका र गैर आवासिय नेपाली संघ (NRNA) को संयुक्त वैठक










## देवदह नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर एवं सहकार्य पत्र आदानप्रदानका तस्बिर







# कपिलवस्तु नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर कार्यक्रमका तस्बिर







# रामग्राम नगरपालिका र चिनको Baoji City, लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर कार्यक्रमका तस्बिर








# बुद्धभुमि नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर कार्यक्रमका तस्बिर








## मायादेवी गाउँपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर एवं सहकार्य पत्र आदानप्रदानका तस्बिर







# गैडहवा गाउँपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर एवं सहकार्य पत्र आदानप्रदानका तस्बिर







# शुद्धोधन गाउँपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन बीच समझदारी पत्र (MOU) मा हस्ताक्षर एवं सहकार्य पत्र आदानप्रदानका तस्बिर







# लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका र स्पेनको एक्स्त्रेमादुरा प्रदेशको Caseres City Council बीच भगिनी सम्बन्ध कायम MOU मा हस्ताक्षर कार्यक्रम








लुम्बिनी प्रदेश अन्तर्गत बुद्धसँग सम्बन्धित नगरपालिकाहरू कपिलवस्तु जिल्ला कपिलवस्तु नगरपालिका, रूपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह नगरपालिका, नवलपरासी जिल्ला रामग्राम नगरपालिका स्पेन काथेरेस नगरपालिका, काथेरेस प्रादेशिक सरकार, संस्कृति, पर्यटन तथा खेलकुद मन्त्रालय एक्स्त्रेमादुरा सरकार र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन बीच भगिनी सम्बन्ध (MOU) पत्रमा हस्ताक्षर कार्यक्रम कपिलवस्तु नगरपालिकाका नगर प्रमुख किरण सिंहको अध्यक्षता, राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाको प्रमुख आतित्थ्यता, स्पेन एक्स्त्रेमादुरा प्रदेशका President of Assembly of Extremadura Autonomous Community HonÚble Ms. Blanca Martín Delgado को विशिष्ट आतित्थ्यतामा कपिलवस्तु तिलौराकोट दरबार क्षेत्रमा सम्पन्न भएको छ ।

**MOU Sign Ceremony**

Lumbini Cultural, Kapilvastu, Ramgram & Devdaha Municipalities of Nepal & Regional Ministry of Culture, Tourism & Sports of ExtremaduraÙ Cáceres Diputación, Cáceres City Council of Spain & Lumbini Garden Foundation Spain, Oct. 30, 2021 Kapilvastu, Lumbini, Nepal.

यस संस्थागत सम्बन्धले लुम्बिनी र नेपालको अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार, बुद्धको शान्तिको सन्देश विश्वभर फैलाउने अभियान सफल हुने र नगरपालिकाहरू एवम् नेपाल र स्पेन बीचको सम्बन्ध थप मजबुत हुने साथै पालिका र देशको विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान हुनेछ । यस महत्त्वपूर्ण कार्यमा पुर्ण साथ, सहयोग प्रदान गर्नुहुने महानुभावहरू संस्थाहरू सबै प्रति हार्दिक आभार प्रकट गर्दछौ । मितिः २०७८ कार्तिक १३ गते ।

**नेपाल लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह नगरपालिका, कपिलवस्तु जिल्ला कपिलवस्तु नगरपालिका, नवलपरासी जिल्ला रामग्राम नगरपालिका स्पेन काथेरेस नगरपालिका, काथेरेस प्रादेशिक सरकार, संस्कृति, पर्यटन तथा खेलकुद मन्त्रालय एक्स्त्रेमादुरा प्रदेश सरकार र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन बीच भगिनी सम्बन्ध (MOU) पत्र**

**MOU Sign Ceremony**

**Lumbini, Kapilvastu, Ramgram & Devdaha Municipalities of Nepal & Regional Ministry of Culture, Tourism & Sports of ExtremaduraÙ Cáceres Diputación, Cáceres City Council of Spain & Lumbini Garden Foundation Spain**

---

**Memorandum of Understanding between the municipalities of Lumbini, Ramgram, Kapilvastu of Devdaha of Nepal;**

**el Ayuntamiento de Cáceres (Cáceres City Council);**
**la Diputación de Cáceres (Cáceres Provincial Government);**
**la Consejería de Cultura, Turismo y Deporte de la Junta de Extremadura, del Reino de España (Ministry of Culture, Tourism and Sport of Extremadura Autonomus Community, Kingdom of Spain);**

**and Lumbini Garden Foundation of Spain and Nepal.**

---

**Memorandum of Understanding between the municipalities of Lumbini, Ramgram, Kapilvastu of Devdaha of Nepal;**

**el Ayuntamiento de Cáceres (Cáceres City Council); la Diputación de Cáceres (Cáceres Provincial Government); la Consejería de Cultura, Turismo y Deporte de la Junta de Extremadura, del Reino de España (Ministry of Culture, Tourism and Sport of Extremadura Autonomus Community, Kingdom of Spain);**

**and Lumbini Garden Foundation of Spain and Nepal.**

**Signatories:**

- **Mr. Manmohan Chaudhary**, Mayor of the Lumbini Cultural Municipality (Rupandehi),
- **Mr. Narendra Kumar Gupta**, Mayor of the Ramgram Municipality (Parasi),
- **Mr. Kiran Singh**, Mayor of the Kapilvastu Municipality (Kapilvastu),
- **Mr. Hira Bahadur Khatri**, Mayor of the Devdaha Municipality (Rupandehi), Lumbini Province, Nepal, as per article 3 of section 11 (8) of the Local Government Operation Act-2017.

- **Mr. Luis Salaya Julián**, Mayor of the Caceres City Council (Caceres),
- **Ms. Nuria Flores Redondo**, Minister for Culture, Tourism & Sports of Extremadura Autonomous Community, Extremadura, Spain.
- **Mr. Carlos Carlos Rodríguez**, President of Caceres Provincial Government.

- **Mr. José Manuel Vilanova**, President of the Lumbini Garden Foundation (LGF)
- **Niraj Govinda Shrestha**, Chief Pattern of the LGF.

*Lumbini Garden Foundation is a European Foundation registered at "Registro de Fundaciones de la Comunidad Autónoma de Extremadura" with number 93N.*

All signatories (4 Municipalities of Nepal, 3 authorities of the Kingdom of Spain and LGF) declare their intention to sign this Memorandum of Understanding, guided by goodwill and with the mutual aspiration to strengthen the collaboration between all the signatories.

**TAKING INTO ACCOUNT that:**

The cities of Lumbini, Ramgram, Kapilvastu and Devdaha are holy places of Buddhism in Nepal and one of the most important Buddhist pilgrimage sites in the world; Lumbini is a World Heritage city recognized worldwide as the birthplace of the Buddha, which has for millions of people a special meaning as a city of peace; the city of Cáceres (Extremadura) is recognized worldwide as a combination of three millenary cultures and a World Heritage city; and the Lumbini Garden Foundation is a European institution whose main objective

is to promote and coordinate the construction in Spain of a Buddhist Center, with one of the tallest seated statues of the Buddha in the world, and which will house part of the relics linked to the life of the Buddha, based on the dissemination of the inspiring principles and values of peace, brotherhood and compassion typical of Buddhism.

The purpose of this memorandum is to confirm and strengthen the relationship between all the signatories to promote joint efforts to promote in Spain the traditional culture and the philosophy of peace represented by Buddhism and to enhance in Europe the international influence of these cities, all of them linked to the Buddhist Center to be built in Cáceres.

The signatories are willing to establish links that allow them to develop a collaboration in these matters, promote communication, collaboration and the exchange of information, knowledge and experiences, as well as the promotion of the Buddhist principles of peace and brotherhood in Europe.

Therefore, the collaboration between the signatories has a strategic nature for both and, consequently

**They EXPOSE**

That all parties

I. They will promote communication, collaboration and the exchange of information, knowledge and experiences, especially in matters that affect their economic, social, institutional and cultural development, in order to enhance sustainability, optimize the use of available resources and the complementarity of work plans.

II. Will favor the joint work, promoting the participation of the Signatories in meetings, conferences, courses and similar events, with the aim of enhancing the knowledge and proposals they develop, which will enrich and favor the search for joint solutions to common challenges.

III. Will invite each other to the work meetings and meetings that the Signatories could schedule in any of the areas covered by this agreement, to promote the joint work that could be carried out and continue strengthening the link between them.

**STIPULATIONS**

**First:**

The Signatories undertake to promote the institutional relations between all of them, including the main respective socio-economic agents, in order to boost and facilitate the appropriate exchanges.

Diverse issues will be object of integral cooperation, among which are:

a) Cultural exchange: The Signatories will facilitate the transfer of knowledge and cultural practices in common areas.

b) Knowledge exchange in the areas of agri-food, technological innovation, health, sports and cultural promotion.

I. Cáceres City Council will work to promote knowledge exchanges that benefit the development of the Lumbini health area.

II. The Ministry of Culture, Tourism and Sports of the Autonomous Community of Extremadura, Spain, and the Provincial Government of Cáceres, will work on the promotion of actions in the field of sports, tourism and cultural promotion with the Lumbini area.

c) Tourism: Work will be carried out jointly to promote tourism between Lumbini and Cáceres, promoting cultural exchanges of all kinds.

d) Internationally position Cáceres and Lumbini as cities of peace and World Heritage, with the promotion of the project mentioned in this MOU.

**Second: Agreements**

The actions derived from this document may be developed through subsequent memorandums that could be signed between the Signatories.

**Third:**

None of the Signatories will use the name or logo of the other, or an abbreviation thereof, in relation to their activities or in any other way, without the prior written permission of a duly authorized representative of each of them, in each case.

Likewise, none of the Signatories has the authority, express or implied, to make public statements on behalf of the other. Any press release or press release issued in relation to this Memorandum must be previously approved, in writing, by both before publication.

**Fourth:**

This Memorandum will begin to be applied from the date of its signature and will last four years. At any time, during its application, the Signatories may agree on its extension for a period of up to four additional years or its termination.

In the event that any of the Signatories, during the application of the Memorandum, wishes to terminate it, it would be sufficient to notify the other in writing with at least three months in advance.

Activities and projects that are already being carried out or that have been executed during their application will not be affected.

For this, the Signatories shall adopt all the necessary measures for the prompt and orderly completion of the activities initiated within the framework of this Memorandum.

Likewise, the termination of this Memorandum will not affect any other agreement that the Signatories could have signed between them.

**Fifth:**

The introduction of modifications to this Memorandum of Understanding on the basis of the mutual agreement of the Signatories will be considered, by written notification of either.

**Sixth:**

The Signatories undertake to resolve amicably, through direct negotiations, any question that may arise in the interpretation, implementation and execution of this Memorandum.

This Memorandum is not legally binding and is not subject to international law. In any case, the expenses incurred by the signatories with the signature of this document will be conditioned to the existence of ordinary annual budget availability, in accordance with the legislation in force in each country.

In proof of conformity, the Signatories sign this Memorandum in valid originals in English language.

Lumbini, Nepal, on 2021, October the 30th.

Dña. Nuria Flores Redondo
*Consejera de Cultura, Turismo y Deporte*
*Junta de Extremadura*
*Reino de España*

D. Carlos Carlos Rodríguez
*Presidente de la Diputación*
*Provincial de Cáceres*
*Reino de España*

D. Luis Salaya Julián
*Alcalde de Cáceres*
*Reino de España*

Mr. Hira Bahadur Khatri
*Mayor of Devdaha*
*Lumbini Province, Nepal*

Mr. Kiran Singh
*Mayor of Kapilvastu*
*Lumbini Province, Nepal*

Mr. Manmohan Chaudhary
*Mayor of Lumbini*
*Lumbini Province, Nepal*

Mr. Narendra Kumar Gupta
*Mayor of Ramgram*
*Lumbini Province, Nepal*

D. José Manuel Vilanova
*Presidente de la Fundación Lumbini Garden*
*Reino de España*

D. Niraj Shrestha
*Patrono principal de la*
*Fundación Lumbini Garden*
*Reino de España*

# सुनवल नगरपालिका, सुस्ता गाउँपालिका र लुम्बिनी गार्डेन फाउण्डेसनबीच संस्थागत सम्बन्ध कायम समझदारी, सहकार्य MOU पत्रमा हस्ताक्षर

**मिति: २०७८/०७/२५**















# बाग्लुङ नगरपालिका, कुश्मा नगरपालिका, बेनी नगरपालिका, मोदी गाउँपालिका, जलजला गाउँपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन बीच संस्थागत सम्बन्ध कायम समझदारी, सहकार्य MOU पत्रमा हस्ताक्षर मिति: २०७८/०९/०९









लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन/नेपाल र बागलुङ जिल्ला बागलुङ नगरपालिका, म्याग्दी जिल्ला बेनि नगरपालिका, पर्वत जिल्ला कुश्मा नगरपालिका, जलजला गाउँपालिका, मोदि गाउँपालिका बीच संस्थागत सम्बन्ध कायम एवम् समन्वय र सहकार्य सम्बन्धि समझदारी पत्र (MOU) मा हस्ताक्षर कार्यक्रम बागलुङ नगरपालिकाको आयोजनामा बागलुङ नगरपालिकाका नगर प्रमुख श्री जनकराज पौडेलको अध्यक्षता, राष्ट्रिय सभाका अध्यक्ष सम्माननिय गणेश प्रसाद तिमिल्सिनाज्युको प्रमुख आतिथ्यता, बागलुङ क्षेत्र न. १ का संघीय सासद माननीय डा. सुर्य पाठकज्युको विशिष्ट आतिथ्यता, संघीय सासद माननीय मन कुमारी जिसिज्युको विशिष्ट आतिथ्यता, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका संस्थापक उपाध्यक्ष गोविन्द प्रसाद सुबेदीको विशिष्ट आतिथ्यतामा मिति २०७८/०९/०९ गते बागलुङमा सम्पन्न भएको छ । सो संस्थागत सम्बन्ध कायम एवम् सहकार्य/समझदारी पत्र (MOU) मा बागलुङ नगरपालिकाका नगर प्रमुख श्री जनकराज पौडेल, बेनि नगरपालिकाका नगर प्रमुख श्री हरि कुमार श्रेष्ठ, कुश्मा नगरपालिकाका नगर प्रमुख श्री रामचन्द्र जोशी, मोदि गाउँपालिकाका अध्यक्ष श्री प्रेम शर्मा पौडेल, जलजला गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर मल्ल र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका संस्थापक उपाध्यक्ष गोविन्द प्रसाद सुबेदीले हस्ताक्षर गर्नुभएको छ ।

यस सम्बन्धले लुम्बिनी गार्डेन फाउन्डेसनको सहजीकरणमा सहकार्य पालिकाहरूलाई अन्तर्राष्ट्रिय स्तरका पालिका, सरकार र संघ संस्था सङ्ग सम्बन्ध विस्तार र पालिकाको विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न सहयोग पुग्ने छ । यस महत्वपूर्ण कार्यक्रममा बागलुङ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारीज्यु, पालिकाहरूका प्रमुख प्रशासकीय अधिकृतज्युहरू, NRNA का केन्द्रिय कोषाध्यक्ष श्री महेश श्रेष्ठ, CNI केन्द्रिय सदस्य श्री चन्द्र टण्डन, बागलुङ नगरपालिकाका वडा अध्यक्षहरू, बाग्लुङ नगरपालिका कर्मचारीहरू, सम्माननिय अध्यक्षज्युका स्वकीय सचिव उदय तिमिल्सिना संघ संस्थाका प्रतिनिधि, लुम्बिनी गार्डेन फाउन्डेसनका निर्देशक एवम् कलाकार सुरक्षा पन्त, लुम्बिनी गार्डेन फाउण्डेसन प्रतिनिधि एवम् लुम्बिनी सास्कृतिक नगरपालिकाका समन्वय अधिकृत तुलसीराम लामिछाने, इन्जिनियर हिना ज्ञवाली, लुम्बिनी गार्डेन फाउन्डेसनका कार्यालय सचिव विश्व कार्की लगायतको उपस्थिति रहेको थियो ।

# तानसेन नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसनबीच संस्थागत सम्बन्ध कायम समझदारी, सहकार्य MOU पत्रमा हस्ताक्षर

राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको प्रमुख आतिथ्यतामा तानसेन नगरपालिकाका प्रमुख अशोक कुमार शाहीले पालिकाको तर्फबाट र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका तर्फबाट संस्थापक उपाध्यक्ष गोविन्द सुबेदीले सहकार्य/समझदारी (MOU) पत्रमा हस्ताक्षर गर्नुभएको थियो । मिति २०७८/१२/१७










# तिलोत्तमा नगरपालिका, सैनामैना नगरपालिका, शुद्धोधन गाउँपालिका र लुम्बिनी गार्डेन फाउण्डेसनबीच संस्थागत सम्बन्ध कायम समझदारी, सहकार्य MOU पत्रमा हस्ताक्षर

सहकार्य/समझदारी (MOU) पत्रमा तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण, सैनामैना नगरपालिकका नगर प्रमुख फणेन्द्र प्रसाद शर्मा, शुद्धोधन गाउँपालिकाका अध्यक्ष बिष्णु प्रसाद बश्यालले आआफ्नो पालिकाको तर्फबाट र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका तर्फबाट संस्थापक उपाध्यक्ष गोविन्द सुबेदीले हस्ताक्षर गर्नुभएको थियो । मिति २०७९/०२/२५










# तानसेन नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसन बीच समन्वय बैठक सम्पन्न

पाल्पा तानसेन नगरपालिकाका नगर प्रमुख अशोक कुमार शाही एवं वडा अध्यक्ष, कार्यपालिका सदस्य र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका संस्थापक उपाध्यक्ष गोविन्द सुवेदी, लुम्बिनी गार्डेन फाउन्डेसन नेपालका संस्थापाक अध्यक्ष एकराज गिरि, सचिव तुलसीराम लामिछाने लगायत पदाधिकारीहरू र स्पेनिस पाहुनाहरू Dr. Marcos, Dr. Cecilia, Dr. Laura Dr. Leticia, Dr. Mercedes, Dr. Coloman, Dr. Juan Ramon, डा. गरिमा तिमिल्सिना लगायतको उपस्थितमा पाल्पा तानसेन नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसन बीच संस्थागत सम्बन्ध कायम, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, सहकार्य र सहयोग सम्बन्धि समन्वय बैठक तानसेन नगरपालिकामा सम्पन्न भएको छ । २०७८/११/२९ गते ।














# लुम्बिनी बौद्ध विश्व विद्यालय र लुम्बिनी गार्डेन फाउन्डेसन बिच सहकार्य सम्बन्धी MOU कार्यक्रम

लुम्बिनी बौद्ध विश्व विद्यालय र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन विच सहकार्य सम्बन्धि समझदारी पत्र (MIOU) मा हस्ताक्षर कार्यक्रम सम्माननिय राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाको प्रमुख आतित्थ्यतामा लुम्बिनीमा सम्पन्न भएको छ । MOU मा लुम्बिनी बौद्ध विश्व विधालयका उपकुलपति प्रा. डा. ह्र्दय रत्न बज्राचार्य र लुम्बिनी गार्डेन फाउन्डेसनका अध्यक्ष Joshe Manuel Vilanova ले हस्ताक्षर गर्नुभएको छ । बधाई छ दुबै संस्थालाई ।

Memorandum of Understanding Signing Ceremony

Between Lubini Buddhist University & Lumbini Garden Foundation 11 November 2021, Central Office Lumbini buddhist University, Lumbini.








# राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा सहकार्य पालिकाका प्रमुख लगायतको स्पेन भ्रमण प्रतिवेदन

२०७८

संघीय संसद

राष्ट्रिय सभा

राष्ट्रिय सभाका सम्माननीय अध्यक्षको निजी सचिवालय



URL:http//www.parliament.gov.np

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

**पृष्ठभूमिः**

लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजनामा ई.सं. २०२१ अप्रिल ६ देखि १२ मा आयोजना गरिएको Peace Conference को समुद्धाटनका लागि स्पेनको एक्स्त्रेमादुरा प्रदेशका मुख्य मन्त्री Guillermo Fernandez Vara ले राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूलाई निमन्त्रणा पत्र पठाउनु भएको थियो। उक्त Conference को प्रमुख अतिथिको रुपमा सहभागी हुन सम्माननीय अध्यक्षज्यूको नेतृत्वमा निम्न सदस्यीय प्रतिनिधिमण्डल मिति २०७७ चैत्र २३ गते (ई. सं. २०२१ अप्रिल ५) बेलुका ८:२५ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्पेनको लागि प्रस्थान गरेको थियो।

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | सम्माननीय गणेश प्रसाद तिमिल्सिना | अध्यक्ष, राष्ट्रिय सभाका |
| २. | श्री मनमोहन चौधरी | नगर प्रमुख, लुम्बिनी सांस्कृतिक नगरपालिका |
| ३. | श्री नरेन्द्र प्रसाद गुप्ता | नगर प्रमुख, रामग्राम नगरपालिका |
| ४. | श्री हिरा बहादुर खत्री | नगर प्रमुख, देवदह नगरपालिका |
| ५. | श्री किरण सिंह | नगर प्रमुख, कपिलवस्तु नगरपालिका |
| ६. | श्री विद्यालक्ष्मी गुरुङ | नगर उपप्रमुख, देवदह नगरपालिका |
| ७. | श्री शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत, लुम्बिनी सांस्कृतिक नगरपालिका |
| ८. | श्री सपना सापकोटा | शाखा अधिकृत, संघीय संसद सचिवालय |
| ९. | श्री उज्ज्वल मान शाक्य | बरिष्ठ आर्किटेक इन्जिनियर, लुम्बिनी गार्डेन फाउन्डेसन |

**भ्रमणको उद्देश्यः**

यस अन्तर्राष्ट्रिय भ्रमणको मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् :-

१. स्पेनको एक्स्त्रेमादुरा प्रदेशको क्याथेरेस शहरमा लुम्बिनी गार्डेन फाउन्डेसनद्वारा आयोजित Peace Conference मा सम्माननीय अध्यक्षज्यू प्रमुख अतिथिको रुपमा सहभागी भई सो कन्फ्रेन्स्को समुद्धाटन गर्ने,

२. सम्माननीय अध्यक्षज्यू र स्पेनको उपल्लो सदन (सिनेट) का अध्यक्ष Maria Pilar Llop Cuenca बीचशिष्टाचार भेट गर्ने,

**भ्रमणको अवधिः**

यस अन्तर्राष्ट्रिय भ्रमणको अवधि मिति २०७७/१२/२३ देखि २०७८/०१/०१ सम्म गरि १० (दश)दिन रहेको थियो।

**भ्रमण गतिविधिः**

चैत्र २३-२४ (अप्रिल ०५-०६):

स्पेनको एक्स्त्रेमादुरा प्रदेशका मुख्य मन्त्री गुईलेरम्मो फर्नान्डेज भारको निमन्त्रणा तथालुम्बिनी गार्डेन फाउन्डेसनको आयोजनामा ई.सं. २०२१ अप्रिल ६ देखि १२ मा आयोजना गरिएको Peace Conference मा प्रमुख अतिथिको रुपमा भाग लिन राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको नेतृत्वको प्रतिनिधिमण्डल अप्रिल ५ तारिखमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कतारको Hamad अन्तर्राष्ट्रिय विमानस्थल हुँदै अप्रिल ६ तारिखमा स्पेनको राजधानी म्याड्रिडको Adolfo Suarez Madrid Barajas विमानस्थलमा अवतरण भएको थियो। स्पेनका लागि नेपाली राजदूत महामहिम दावा फुटी शेर्पाज्यूले प्रतिनिधिमण्डललाई स्वागत गर्नुभएको थियो।

सोही दिन महामहिम राजदूत दावा फुटी शेर्पा सहित प्रतिनिधिमण्डल एक्त्रेमादुरा प्रान्तको क्याथेरेस शहर पुगेको थियो। उक्त अवसरमा लुम्बिनी गार्डेन फाउन्डेसनका अध्यक्ष Jose Manuel VilanovaAleman सहितको टोलीले नेपाली प्रतिनिधिमण्डललाई स्वागत गरेको थियो।

चैत्र २५ (अप्रिल ०७):

प्रतिनिधिमण्डललाई एक्त्रेमादुराको राजधानी मेरिदामा स्पेनका उपप्रधानमन्त्री Maria del Carmen Calvo Poyato र एक्स्त्रेमादुरा प्रदेशका मुख्यमन्त्री Guillermo Fernandez Vara ले स्वागत गर्नुभएको थियो। उक्त अवसरमा आयोजित बैठकमा मुख्यमन्त्री Guillermo Fernandez Vara सँग सम्माननीय अध्यक्षज्यू, स्पेनका लागि नेपालका राजदूतदावा फुटी शेर्पा ज्यू, लुम्बिनी, देवदह, कपिलबस्तु र रामग्रामका

नगर प्रमुखज्यूहरु, लुम्बिनी गार्डेन फाउन्डेसनका संस्थापक सदस्यहरुबीच फोहोरमैला व्यवस्थापन सम्बन्धमा छलफल भएको थियो । सोहि दिन सम्माननीय अध्यक्षज्यूले एक्स्त्रेमादुरा प्रदेशको संसद भवनमा Peace Conference को औपचारिक उद्घाटन गर्नुभएको थियो । उद्घाटन मन्तव्य दिँदै उहाँले गौतम बुद्धको शान्तिको सन्देश संसारभर फैल्याउन सबैलाई अनुरोध गर्नुभएको थियो । शान्तिका अग्रदुत गौतम बुद्धको जन्मभूमी नेपालको तर्फबाट विश्व शान्ति र भाइचाराका लागि अनुरोध गर्नु हुँदै बुद्ध दर्शनको अद्बितीय गुण भनेकै जीवन र प्रकृति प्रतिको नविनतम् सोच भएको र खुसी प्राप्तिका लागि कसैले अर्को जन्म वा भिन्नै विश्वको प्रतिक्षा गर्नुनपर्ने कुरा बताउनु भएको थियो । दया, भातृत्व र परोपकारको भावनाको विजारोपण गर्नुपर्ने भएकोले बुद्ध दर्शनलाई मानव सशक्तिकरणको दर्शन भन्न सकिने र बुद्ध दर्शन मानवताको पुन खोंज हुनुका साथै व्यक्तिको अनुशासन, रुपान्तरण र उदाहरणीय व्यवहारद्वारा समाजको रुपान्तरण गर्न सकिने हुँदा यसबाट सामाजिक सद्भाव सुनिश्चित गर्न र न्याय, विश्व वन्धुत्व, शान्तिपूर्ण सहअस्तित्व र मानवीय मर्यादामा आधारित विश्व व्यवस्था कायम गर्न सकिने कुरा बताउनु भएको थियो । उहाँले विश्व शान्ति र सद्भाव कायम गर्नमा बुद्ध दर्शनको योगदानको कदर गर्दै सन् १९९९ मा संयुक्त राष्ट्रसंघले बुद्धको जन्मदिनलाई बिशेष दिवसको मान्यता दिनु र सहअस्तित्व जस्ता बुद्ध दर्शनका मान्यताहरुमा आधारित वडापत्र भएको संयुक्त राष्ट्रसंघ जस्तो विश्व संस्थाले अपनत्व लिएकोमा गर्वको विषय भएको बताउनुभएको थियो । नेपालको लुम्बिनीमा जन्मिएर संसारलाई शान्तिको सन्देश दिएका बुद्धको सन्देशलाई आत्मसाथ गर्दै लुम्बिनी गार्डेन फाउन्डेसनले क्याथेरेस शहरमा शुरु गरेको प्रोजेक्ट मार्फत विश्व मानचित्रमा एक्स्त्रेमादुरा र क्याथेरेस केन्द्रमा रहने रयो नमुना प्रोजेक्ट स्पेनको क्याथेरेस शहरमा गराउन लुम्बिनी गार्डेन फाउन्डेसनसँग सहकार्य गर्नु भएकोमा एक्स्त्रेमा दुराका मुख्यमन्त्री, क्याथेरेसका मेयर लगायत सबैमा धन्यवाद दिनुभएको थियो । नेपाल अर्थात् गौतम बुद्धको देशको सरकारका तर्फबाट प्रोजेक्टका लागि सदैब हातेमालो र सहयोग रहिरहने प्रतिबद्धता जनाउनुभएको थियो ।

एक्स्त्रेमादुरा प्रदेशका सभामुख Blanca Martin ले सम्माननीय अध्यक्षज्यूको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वागत गर्नुहुँदै नेपालबाट शान्तिको संदेश क्याथेरेस शहरमा ल्याउन पाउँदा खुशी भएको बताउनु भएको थियो । यसले नेपाल र स्पेनको सम्बन्ध अझै प्रगाढ हुने भन्दै नेपाली टोलीको स्वागत गर्न पाउनु गौरव भएको बताउनुभएको थियो । त्यसै गरी एक्स्त्रेमादुरा प्रदेशका मुख्य मन्त्री Guillermo Fernandez Vara ले सम्माननीय अध्यक्षज्यूको आगमन प्रदेशको सौभाग्य भएको बताउनुभएको थियो । मानव सभ्यता बिर्सिंदै गएको यस अवस्थामा शान्ति भित्र्याउन गरेको पहलमा नेपाल सरकारको सहयोग पाउनु अपूर्व अवसर भएको बताउनुभएको थियो। नेपाललाई स्पेनले प्रविधिको क्षेत्रमा सहयोग गर्ने पनि बताउनुभएको थियो । कन्फ्रेन्समा स्पेन सरकारका उपप्रधानमन्त्री, एक्स्त्रेमा दुराका मुख्य मन्त्री, एक्स्त्रेमादुरा प्रदेशका सभामुख, स्पेनका लागि नेपाली राजदूत, प्रदेश सांसदहरु, प्रदेशका मन्त्रीहरु, मेयरहरु, लुम्बिनी गार्डेन फाउन्डेसनका पदाधिकारीहरु तथा पत्रकारहरु सहभागी हुनुहन्थ्यो ।

सोहि दिन प्रतिनिधिमण्डलले एक्त्रेमादुरा प्रदेशको राजधानी मेरिदाको म्यूजियम लगायत विभिन्न ऐतिहासिक ठाउँहरु अवलोकन गरेको थियो ।

चैत्र २६(अप्रिल ०८):

प्रतिनिधिमण्डलले एक्त्रेमादुरा प्रदेशको क्याथेरेस नगरपालिकाको भ्रमण गरेको थियो । त्यहाँ सम्माननीय अध्यक्षज्यूको उपस्थितिमा नेपालको लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख मनमोहन चौधरी र स्पेनको क्याथेरेस नगरपालिकाका कार्यवाहक प्रमुख Maria Jose Pulido ले भगिनी सम्बन्धमा हस्ताक्षर गर्नुभएको थियो । सोही कार्यक्रममा नेपालको लुम्बिनी सांस्कृतिक नगरपालिका, रामग्राम नगरपालिका, कपिलवस्तु नगरपालिका र देवदह नगरपालिका र स्पेनको क्याथेरेस नगरपालिकाबीच झण्डा आदान-प्रदान भएको थियो । त्यस पश्चात् क्याथेरेसको पेद्रिया म्युजियममा सम्माननीय अध्यक्षको उपस्थितिमा लामा पुजा गरी नेपालको लुम्बिनी, रामग्राम, कपिलवस्तु, देवदह र स्पेनको क्याथेरेस सहितपाँचवटा शहरहरुको माटो मिश्रण कार्य सम्पन्न गरिएको थियो । सोहि ठाउँमा सम्माननीय अध्यक्षज्यूको स्वागतमा नेपाली सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । सोहि दिन दिउँसो सम्माननीय अध्यक्षज्यूले क्याथेरेस नगरपालिकाको सभामा आयोजित शान्ती र लोकतन्त्र सम्बन्धि कन्फ्रेन्स्मा आफ्ना अनुभवहरु राख्नुभएको थियो । उहाँले नेपालको राजनीतिक इतिहास, लोकतन्त्र प्राप्तिका लागि विभिन्न समयका गरिएका संघर्षहरु, नेपालको शान्ति प्रक्रिया देखि गणतन्त्र र अहिलेको नेपाली परिवेशको बारेमा आफ्ना अनुभवहरु तथा आफ्नो जेल बसाईको अनुभव प्रस्तुत गर्नुभएको थियो ।

कन्फ्रेन्समा एक्स्त्रेमादुरा प्रदेशका मुख्य मन्त्री Guillermo Fernandez Vara ले लुम्बिनी र क्याथेरेसको सम्बन्धबारे चर्चा गर्दै आफ्ना भनाई राख्नुभएको थियो । म्याड्रिडका पूर्व मेयर Manuela Carmena ले मानव जातिवारे बोल्नु भएको थियो।पूर्व राजदूत ShlomoBem Ami ले धार्मिक सहिष्णुता तथा इजरायल-प्यालेस्टाइन शान्ति प्रक्रियाका बारेमा आफ्ना भनाईहरु राख्नुभएको थियो । लुम्बिनी गार्डेन

फाउन्डेसनका अध्यक्ष Jose Manuel VilanovaAleman ले नेपाल भूमिको पवित्रताको कुरा गर्दै पूर्व र पश्चिमको सम्बन्ध तथा आध्यात्म र शान्तिका सम्बन्धमा आफ्ना भनाईहरु प्रस्तुत गर्नुभएको थियो।

चैत्र २७-२८ (अप्रिल ०९-१०):

प्रतिनिधिमण्डलले क्याथेरेसमा रहेको Centro de Cirugia de Minima Invasion Jesus Uson अस्पतालको निरीक्षण भ्रमण गरेको थियो। भ्रमणमा अस्पतालमा प्रयोग गरिएका नवीन प्रविधिहरुको बारेमा जानकारी गराइएको थियो। सोहि दिन ११ बजे क्याथेरेस शहरमा रहेका महत्वपूर्ण र ऐतिहासिक ठाउँहरुको अवलोकन भ्रमण गरिएको थियो।

अप्रिल १० मा बिहान १० बजे एन. आर. एन. एसोसिएसनद्वारा आयोजित नेपालको समसामयीक परिस्थिति र प्रवासी नेपालीहरुको चासोको विषयक कार्यक्रममा सम्माननीय अध्यक्षले जुम मार्फत सम्बोधन गर्नुभएको थियो। त्यस पश्चात् प्रतिनिधिमण्डलले लुम्बिनी गार्डेन फाउन्डेसनका निर्माण स्थल Arrope Hill को अवलोकन गरेको थियो। सो ठाउँमा सम्माननीय अध्यक्षज्यूको उपस्थितिमा बौद्ध परम्परा अनुसार पूजा कार्यक्रम सम्पन्न गरिएको थियो।सो ठाउँमा सम्माननीय अध्यक्षज्यूले नेपालबाट लगेको पिपलको विरुवा रोप्नुभएको थियो। क्याथेरेस शहरमा रहेको Arrope Hill मा लुम्बिनी गार्डेन फाउन्डेसनले १०७ हेक्टर क्षेत्रफलमा १० अर्व रुपैँयाको लगानीमा ४० मिटर अग्लो बुद्धको मुर्ति सहित नेपाली आर्कीटेक्टको थिम (Theme) मा लुम्बिनि गार्डेन बनाउने महत्वकाङ्क्षी योजना अघि बढाएको छ। गार्डेनमा विभिन्न गुम्बा, मन्दिरहरु, ध्यान केन्द्र, नेपाली परम्परा झल्किने संरचनाहरु, लुम्बिनी र बुद्धसँग सम्बन्धित विभिन्न ठाउँहरु, विभिन्न देशका सांस्कृतिक केन्द्र सहित प्रवेश द्वारमा "BUDDHA WAS BORN IN NEPAL" लेखिने प्रस्ताव गरिएको छ। उक्त परियोजना मार्फत बुद्धको शान्ती सन्देश सहित नेपाल र नेपालीको पहिचानलाई विश्वभर फैल्याउन मद्दत पुग्ने विश्वास गरिएको छ।

सोहिदिन सम्माननीय अध्यक्षज्यू वार्शिलोना प्रस्थान गर्नुभएको थियो। वार्शिलोनामा Non–Resident Nepali Association (NRNA) का प्रतिनिधिहरुले उहाँको स्वागत गर्नुभएको थियो।

चैत्र २९-३०(अप्रिल ११-१२):

Non–Resident Nepali Association (NRNA) स्पेनद्वारा सम्माननीय अध्यक्षज्यूको स्वागतमा वार्शिलोना स्थित नेपाली समुदायसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो। सो अन्तरक्रिया कार्यक्रममा सम्माननीय अध्यक्षज्यूले स्पेनको नेपाली समुदायमा रहेको एकता तथा विदेशमा रहेर देश प्रतिको मायाले आफू खुसी भएको बताउनुभएको थियो। वार्शिलोनामा रहेर विभिन्न पेशा, व्यवसाय, संघ र संगठनहरुमा आवद्ध नेपाली दिदिबहिनी तथा दाजुभाईहरु उल्लेखनीय रुपमा उपस्थित हुनुभएको सो कार्यक्रममा गैरआवासीय नेपाली संघ आइसीसी सल्लाहाकार पुष्पराज तिमिल्सिना, युरोप उपसंयोजक मुक्त गुरुङ लगायत NRNA स्पेनका पदाधिकारी तथा स्पेन स्थित विभिन्न संघसस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

अप्रिल १२ मा बिहान १० बजे सम्माननीय अध्यक्षज्यू र स्पेनको उपल्लो सदन (सिनेट) का अध्यक्ष Maria Pilar Llop Cuenca बिच उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता सम्पन्न भएको थियो। भेटमा सम्माननीय अध्यक्षज्यूले नेपाल रस्पेनबीचको कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै सुमधुर रहेको उल्लेख गर्दै दुई देशबीच क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा सहकार्य हुँदै आएको बताउनुभएको थियो। दुवै तर्फबाट कोभिड-१९ बाट नेपाल र स्पेनमा जीवन गुमाउनेहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो र भविष्यमा हुने यस्तै संकटबाट बच्न सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभएको थियो। सम्माननीय अध्यक्षले COVAX system मा सहयोग गरेकोमा स्पेनिस सरकारलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो। नेपालको कोभिडको अवस्था र भ्याक्सिन बारे जानकारी गराउनुहुँदै सम्माननीय अध्यक्षज्यूले स्पेनमा रहेका नेपाली समुदायलाई स्पेनीस सरकारले कोभिड-१९ को समयमा गरेको सहयोगप्रति आभार प्रकट गर्नुभएको थियो। यसका साथै स्पेनमा बसोबास गर्ने नेपाली समुदाय र नेपाल भ्रमणमा आउने स्पेनी पर्यटकहरुबाट नेपाल-स्पेन सम्बन्ध थप प्रगाढ बन्ने बताउनुभएको थियो। साथै लुम्बिनीलाई विश्व शान्तिको केन्द्र बनाउने नेपाल सरकारको गुरुयोजनाका बारेमा जानकारी गराउनुभएको थियो। सिनेटका अध्यक्ष Maria Pilar Llop Cuenca ले नेपाल र स्पेनबीच संसदीय आदान-प्रदान बढाउनुपर्ने बताउनुभएको थियो। यसका साथै विषम् परिस्थितिमा प्रविधिको प्रयोग गर्न सकिने बताउनुभएको थियो।

चैत्र ३१-बैशाख १ (अप्रिल १३-१४):

प्रतिनिधिमण्डल अप्रिल १३ मा स्पेनको Adolfo Suarez Madrid Barajas विमानस्थलमाबाट कतार एरवेज मार्फत कतारको Hamad अन्तर्राष्ट्रिय विमानस्थल हुँदै अप्रिल १४ मा दिउसो ४:२० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भएको थियो।

**निष्कर्षः**

दशदिनको भ्रमण बुद्धको शान्ति सन्देश र नेपालको गरिमा संसारभर फैल्याउन अत्यन्त फलदायी रहेने छ। क्याथेरेस शहरमा बुद्धको मुर्ति सहित नेपाली आर्किटेक्टको थिममाविभिन्न गुम्बा, मन्दिरहरु, ध्यान केन्द्र, नेपाली परम्परा झल्किने संरचनाहरु, लुम्बिनी र बुद्धसँग सम्बन्धित विभिन्न ठाउँहरु, विभिन्न देशका सांस्कृतिक केन्द्र सहित प्रवेश द्वारमा “BUDDHA WAS BORN IN NEPAL” लेखिने प्रस्ताव सहितको लुम्बिनी गार्डेन बनाउने महत्वकाङ्क्षी परियोजना मार्फत बुद्धको शान्ती सन्देश सहित नेपाल र नेपालीको पहिचानलाई विश्वभर फैल्याउन मद्दत पुग्ने छ। यसका साथै राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूबाट स्पेनको क्याथेरेस नगरपालीकाको सभा र एक्त्रेमादुरा प्रदेशको प्रदेश सभामा गरिएको सम्बोधन तथा सिनेटको अध्यक्ष Maria Pilar Llop Cuenca ज्यूसँग भएको शिष्टाचार भेटले दुई देश बिचको सम्बन्धमा दूरगामी महत्व राख्ने र जनस्तरको सम्बन्ध समेत प्रगाढ बनाउन सहयोग पुग्ने देखिन्छ।

अन्त्यमा, यस उच्चस्तरीय भ्रमण नेपाल-स्पेन सम्बन्धको कोषे ढुङ्गाकोरुपमा रहने विश्वास रहेको छ।



सम्माननीयज्यूको स्वागत गर्नुहुँदै उपप्रधानमन्त्री Maria del Carmen Calvo Poyato, मेरिदा, स्पेन



सम्माननीय राष्ट्रिय सभा अध्यक्षज्यू एक्स्त्रेमादुरा प्रदेशको संसद भवनमा Peace Conference को औपचारिक उद्घाटन गर्नुहुँदै
बायाँः Guillermo Fernandez Vara, मुख्य मन्त्री, एक्स्त्रेमादुरा प्रदेश दायाँः Blanca Martin, सभामुख, प्रदेश सभा



नरेन्द्र प्रसाद गुप्ता, नगर प्रमुख, रामग्राम नगरपालिका, एक्त्रेमादुरा प्रदेशको संसद भवनमा



हिरा बहादुर खत्री, नगर प्रमुख, देवदह नगरपालिका एक्त्रेमादुरा प्रदेशको संसद भवनमा



मनमोहन चौधरी, नगर प्रमुख, लुम्बिनी सांस्कृतिक नगरपालिका, एक्त्रेमादुरा प्रदेशको संसद भवनमा



किरण सिंह, नगर प्रमुख, कपिलवस्तु नगरपालिका, एक्त्रेमादुरा प्रदेशको संसद भवनमा



संसद भवन, एक्त्रेमादुरा प्रदेश, स्पेन



रोमन थिएटर अवलोकन, मेरिदा, स्पेन



शान्ति तथा लोकतन्त्र सम्बन्धी कन्फ्रेन्स, क्याथेरेस नगरपालिका भवन, एक्त्रेमादुरा प्रदेश, स्पेन



शान्ति तथा लोकतन्त्र सम्बन्धी कन्फ्रेन्स, क्याथेरेस नगरपालिका भवन, एक्त्रेमादुरा प्रदेश, स्पेन



लुम्बिनि र क्याथेरेस नगरपालिकाबीच भगिनी सम्बन्ध हस्ताक्षर, एक्त्रेमादुरा प्रदेश, स्पेन



लुम्बिनि, देवदह, रामग्राम, कपिलवस्तु र क्याथेरेस शहरको माटो मिश्रण कार्यक्रम, एक्त्रेमादुरा प्रदेश, स्पेन



Centro de Cirugia de Minima Invasion Jesus Uson अस्पतालको निरीक्षण भ्रमण, एक्त्रेमादुरा प्रदेश, स्पेन



लुम्बिनि गार्डेन फाउन्डेसन निर्माणस्थल Arrope Hill मा पिपलको बिरुवा रोप्नुहुँदै, एक्त्रेमादुरा प्रदेश, स्पेन



लुम्बिनि गार्डेन फाउन्डेसन निर्माणस्थल Arrope Hill मा बौद्ध पुजा कार्यक्रम



सम्माननीय अध्यक्षज्यू र स्पेनको सिनेटका अध्यक्ष Maria Pilar Llop Cuenca बिचको भेटवार्ता



सम्माननीय अध्यक्षज्यू र स्पेनको सिनेटका अध्यक्ष Maria Pilar Llop Cuenca बिच उपहार आदान-प्रदान



सम्माननीय अध्यक्षज्यू लुम्बिनि गार्डेन फाउन्डेसनको अतिथि पुस्तिकामा हस्ताक्षर गर्नुहुँदै, लुम्बिनि गार्डेन फाउन्डेसनको कार्यालय, म्याड्रिड, स्पेन



सम्माननीय अध्यक्षज्यू स्पेनबाट फर्के पश्चात्भ्रमण सम्बन्धमा गरिएको Press Release, सिंहदरबार

# राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सीनाज्यूको स्पेन भ्रमण सम्पन्न पश्चात आयोजित Press Meet





## प्रेसनोट

स्पेनको एक्स्त्रेमादुरा प्रदेशका मुख्य मन्त्री गुईलेरम्मो फर्नान्डेज भारको निमन्त्रणा तथालुम्बिनी गार्डेन फाउन्डेसनको आयोजनामा यहि April 6 देखि 12 मा सम्पन्न Peace Conference मा प्रमुख अतिथिको रुपमा भाग लिन राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाको नेतृत्वमा लुम्बिनी सांस्कृतिक नगरपालिका नगरप्रमुख मनमोहन चौधरी, रामग्राम नगरपालिका नगरप्रमुख नरेन्द्र प्रसाद गुप्ता, देवदह नगरपालिकाका नगरप्रमुख हिरा बहादुर खत्री, कपिलवस्तु नगरपालिकाका नगरप्रमुख किरण सिंह, देवदह नगरपालिकाका नगर उपप्रमुख विद्यालक्ष्मी गुरुङ्, प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद रेग्मी, शाखा अधिकृत सपना सापकोटा, लुम्बिनी गार्डेन फाउन्डेसनका बरिष्ठ आर्किटेक इन्जिनियर उज्ज्वल मान शाक्य सहितको प्रतिनिधिमण्डल अप्रिल ६ तारिखमा स्पेनको राजधानी म्याड्रिड हुँदै एक्स्त्रेमादुरा प्रान्तको क्याथेरेस शहर पुगेको थियो। उक्त अवसरमा लुम्बिनी गार्डेन फाउन्डेसनका अध्यक्ष जोशे म्यानुएल भिलानोभा आलेमन सहितको टोलीले स्वागतगरेको थियो।

त्यसैगरी अप्रिल ७ मा प्रतिनिधि मण्डललाई एक्स्त्रेमादुराको राजधानी मेरिदामा स्पेनका उपप्रधानमन्त्री कारमेन काल्भो र एक्स्त्रेमादुरा प्रदेशका मुख्यमन्त्री गुईलेरम्मो फर्नान्डेज भारले स्वागत गर्नुभएको थियो। उक्त अवसरमा आयोजित बैठकमा मुख्यमन्त्री गुईलेरम्मो फर्नान्डेज भारसँग सम्माननीय अध्यक्ष, स्पेनका लागि नेपालका राजदुतलगायत लुम्बिनी, देवदह, कपिलबस्तु र रामग्रामका प्रमुख, लुम्बिनी गार्डेन फाउन्डेसनका संस्थापकहरु बीच फोहोरमैला व्यवस्थापन सम्बन्धमा छलफल भएको थियो।

सोहि दिन सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले एक्स्त्रेमादुरा प्रदेशको संसद भवनमा Peace Conference को औपचारिक उद्घाटन गर्नुभएको थियो। उद्घाटन मन्तव्य दिदै उहाँले गौतम बुद्धको शान्तिको सन्देश संसारभर फैल्याउन सबैलाई अनुरोध गर्नुभयो। शान्तिका अग्रदुत गौतम बुद्धको जन्मभूमी नेपालको तर्फबाट विश्व शान्ति र भाइचाराका लागि अनुरोध गर्नुहुँदै बुद्धदर्शनको अद्धितीय गुण भनेकै जीवन र प्रकृति प्रतिको नविनतम् सोच भएको र खुसी प्राप्तिका लागि कसैले अर्को जन्म वा भिन्नै विश्वको प्रतिक्षा गर्नुनपर्ने कुरा बताउनुभयो। यहि समय र संसारमा यसै जिवनकालमा सुख, शान्ति र समृद्दि प्राप्त गर्न सकिन्छ जसका लागि हामीले मात्र घृणा र स्वार्थ त्याग्नुपर्छौदया, भातृत्व र परोपकारको भावनाको विजारोपण गर्नुपर्ने भएकोले बुद्धदर्शनलाई मानव सशक्तिकरणको दर्शन भन्न सकिने रबुद्धदर्शन मानवताको पुनर्खोज हुनुका साथै व्यक्तिको अनुशासन, रुपान्तरण र उदाहरणीय व्यवहारद्वारा समाजको रुपान्तरण गर्न सकिने हुँदा यसबाटसामाजिक सद्भाव सुनिश्चित गर्नर न्याय, विश्ववन्धुत्व, शान्तिपूर्ण सहअस्तित्व र मानवीय मर्यादामा आधारित विश्वव्यवस्था कायम गर्न सकिने कुरा बताउनुभयो।

उहांलेविश्वशान्ति र सद्भाव कायम गर्नमा बुद्धदर्शनको योगदानको कदर गर्दै सन् १९९९ मा संयुक्त राष्ट्रसंघले बुद्धको जन्मदिनलाई बिशेष दिवसको मान्यता दिनु र सहअस्तित्व जस्ता बुद्धदर्शनका मान्यताहरुमा आधारित वडापत्र भएको संयुक्त राष्ट्रसंघ जस्तो विश्व संस्थाले अपनत्व लिएकोमा गर्वको विषय भएको बताउनुभयो।

यस अवसरमा नेपालको लुम्बिनीमा जन्मिएर संसारलाई शान्तिकोसन्देश दिएका बुद्धको सन्देशलाई आत्मसाथ गर्दै लुम्बिनी गार्डेन फाउन्डेसनले क्याथेरेस शहरमा शुरु गरेको प्रोजेक्ट मार्फत विश्व मानचित्रमा एक्स्त्रेमादुरा र क्याथेरेस केन्द्रमा रहने रयो नमुना प्रोजेक्ट स्पेनको क्याथेरेस शहरमा गराउन लुम्बिनी गार्डेन फाउन्डेसनसँग सहकार्य गर्नु भएकोमा एक्स्त्रेमादुराका मुख्यमन्त्री, क्याथेरेसका मेयर लगायत सबैमा धन्यवाद दिनुभयो। नेपाल अर्थात् गौतम बुद्धको देशको सरकारका तर्फबाट प्रोजेक्टकालागि सदैब हातेमालो र सहयोग रहिरहने प्रतिबद्धताजनाउनुभयो।

एक्स्त्रेमादुरा प्रदेशका सभामुखले सम्माननीय अध्यक्षको नेतृत्वकोप्रतिनिधिमण्डललाई स्वागत गर्नुहुँदै नेपालबाट शान्तिको संदेश क्याथेरेस शहरमा ल्याउन पाउँदा खुशी भएको बताउनुभयो। यसले नेपाल र स्पेनको सम्बन्ध अझै प्रगाढ हुने भन्दै नेपाली टोलीको स्वागत गर्नपाउनु गौरव भएको बताउनुभयो। त्यसैगरी एक्स्त्रेमादुरा प्रदेशका मुख्य मन्त्रीले सम्माननीय अध्यक्षको आगमन प्रदेशको सौभाग्य भएको बताउनुभयो। मानव सभ्यता बिर्सिदैगएको यस अवस्थामा शान्ति भित्र्याउन गरेको पहलमा नेपाल सरकारको सहयोग पाउनु अपूर्व अवसर भएको बताउनुभयो। नेपाललाई स्पेनले प्रविधिको क्षेत्रमा सहयोग गर्ने पनि बताउनु भयो।

कन्फ्रेन्समा स्पेन सरकारका उपप्रधानमन्त्री, एक्स्त्रेमादुराका मुख्य मन्त्री, एक्स्त्रेमादुराका सभामुख, स्पेनका लागि नेपाली राजदुत, सांसदहरु, प्रदेशका मन्त्रीहरु, मेयरहरु, फाउन्डेसनका पदाधिकारीहरु तथा पत्रकारहरु सहभागी हुनुहन्थ्यो। सोहि दिन प्रतिनिधिमण्डलले एक्त्रेमादुरा प्रदेशको राजधानी मेरिदाको म्यूजियम लगायत ऐतिहासिक ठाउँहरु अवलोकन गरेको थियो।

यसैगरी अप्रिल ८ मा प्रतिनिधिमण्डलले क्याथेरेस नगरपालिकाको भ्रमण गरेको थियो। त्यहाँ सम्माननीय अध्यक्षको उपस्थितिमा नेपालको लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख मनमोहन चौधरी र स्पेनको क्याथेरेस नगरपालिकाका कार्यवाहक प्रमुख मारिया जोशे पुलिदोले भगिनी सम्बन्धमा हस्ताक्षर गर्नुभएको थियो। सोही कार्यक्रममा नेपालको लुम्बिनी सांस्कृतिक नगरपालिका, रामग्राम नगरपालिका, कपिलवस्तु नगरपालिका र देवदह नगरपालिका र स्पेनको क्याथेरेस नगरपालिकाबिच झण्डा आदान-प्रदान भएको थियो।

त्यसपश्चात् क्याथेरेसको पेद्रिया म्युजियममा सम्माननीय अध्यक्षको उपस्थितिमा लामा पुजा गरी नेपालको लुम्बिनी, रामग्राम, कपिलवस्तु, देवदह र स्पेनको क्याथेरेस समेत पाँचवटा शहरहरुको माटो मिश्रण कार्य सम्पन्न गरिएको थियो। सोहि ठाउँमा सम्माननीय अध्यक्षको स्वागतमा नेपाली साँस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो। सोहि दिन दिउँसो सम्माननीय अध्यक्षले क्याथेरेस नगरपालिकाको सभामा आयोजित

शान्ती र लोकतन्त्र सम्बन्धि कन्फ्रेन्स्मा आफ्ना अनुभवहरु राख्नुभएको थियो। उहाँले नेपालको राजनीतिक इतिहास, लोकतन्त्र प्राप्तिका लागि विभिन्न समयका गरिएका संघर्षहरु, नेपालको शान्ति प्रक्रिया देखि गणतन्त्र र अहिलेको नेपाली परिवेशको बारेमा आफ्ना अनुभवहरु प्रस्तुत गर्नुभएको थियो।

कन्फ्रेन्समा एक्स्त्रेमादुरा प्रदेशका मुख्य मन्त्री गुईलेरम्मो फर्नान्डेज भारले लुम्बिनी र क्याथेरेसको सम्वन्धबारे चर्चा गर्दैआफ्ना भनाइ राख्नुभएको थियो। म्याड्रिडका पूर्व मेयर म्यानुअल कार्मेनले मानव जातिवारे बोल्नुभएको थियो भनेपूर्व राजदुत स्लोमो बेम अमीले धार्मिकसहिष्णुता तथा इजरायल-प्यालेस्टाइनशान्ति प्रक्रियाका वारेमा बोल्नुभएको थियो। लुम्बिनी गार्डेन फाउन्डेसनका अध्यक्ष जोशे म्यानुएल भिलानोभा आलेमन लगायतले नेपाल भूमिको पवित्रताको कुरा गर्दैपूर्व र पश्चिमको सम्बन्ध तथा आध्यात्म र शान्तिका सम्बन्धमा आफ्ना भनाईहरु प्रस्तुत गर्नुभएको थियो।

यसै गरी अप्रिल ९ मा प्रतिनिधि मण्डलले क्याथेरेसमा रहेको Centro de Cirugia de Minima Invasion Jesus Uson अस्पतालको निरीक्षण भ्रमण गरेको थियो। भ्रमणमा अस्पतालमा प्रयोग गरिएका नवीन प्रविधिहरुको बारेमा जानकारी गराइएको थियो।सोहि दिन ११ बजे क्याथेरेस शहरमा रहेका महत्वपूर्ण र ऐतिहासिक ठाउँहरुको अवलोकन भ्रमण गरिएको थियो।

अप्रिल १० मा बिहान १० बजे एन. आर. एन. एसोसिएसनद्वारा आयोजित नेपालको समसामयीक परिस्थिति र प्रवासी नेपालीहरुको चासोको विषयक कार्यक्रममा सम्माननीय अध्यक्षले जुम मार्फत सम्बोधन गर्नुभएको थियो। त्यस पश्चात् प्रतिनिधिमण्डलले लुम्बिनी गार्डेन फाउन्डेसनका निर्माण स्थल Arrope Hill को अवलोकन गरेको थियो। सो ठाउँमा सम्माननीय अध्यक्षको उपस्थितिमा बौद्ध परम्परा अनुसार पूजा कार्यक्रम सम्पन्न गरिएको थियो। सो ठाउँमा सम्माननीय अध्यक्षले नेपालबाट लगेको पिपलको विरुवा रोप्नु भएको थियो।

यसैगरी अप्रिल ११ मा एन. आर. एन. ए. स्पेनलेसम्माननीय अध्यक्षको स्वागतमा वार्शिलोना स्थित नेपाली सममुदायसँग र सम्माननीय अध्यक्ष बीच अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो। सम्माननीय अध्यक्षले स्पेनको नेपाली समुदायमा रहेको एकता तथा विदेशमा रहेर देश प्रतिको मायाले आफू खुसी भएको बताउनुभयो। वार्शिलोनामा रहेर विभिन्न पेशा, व्यवसाय, संघ र संगठनहरुमा आवद्ध नेपाली दिदिबहिनी तथा दाजुभाईहरु उल्लेखनीय रुपमा उपस्थित हुनुभएको सो कार्यक्रममा गैरआवासीय नेपाली संघ आइसीसी सल्लाहाकार पुष्पराज तिमिल्सिना, युरोप उपसंयोजक मुक्त गुरुङ लगायतएनआरएनए स्पेनका पदाधिकारी तथा स्पेन स्थित विभिन्न संघसस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

अप्रिल १२ मा बिहान १० बजे सम्माननीय अध्यक्ष र स्पेनको उपल्लो सदन (सिनेट) का अध्यक्ष पिलर लप क्विनकाबिच उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता सम्पन्न भएको थियो। भेटमा सम्माननीय अध्यक्षलेनेपाल रस्पेनबीचको कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै सुमधुर सम्बन्ध रहेको उल्लेख गर्दै दुई देशबीच क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा सहकार्य हुँदै आएको बताउनुभयो। दुवै तर्फबाट कोभिड-१९ बाट नेपाल र स्पेनमा जीवन गुमाउनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो र भविष्यमा हुने यस्तै संकटबाट बच्न सहकार्य गर्ने प्रतिवद्धता जनाउनुभएको थियो। सम्माननीय अध्यक्षले COVAX system मा सहयोग गरेकोमा स्पेनिस सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो। नेपालको कोभिडको अवस्था र भ्याक्सिन बारे जानकारी गराउनुहुँदै उहाँले स्पेनमा रहेका नेपाली समुदायलाई स्पेनीस सरकारले कोभिड-१९ को समयमा गरेको सहयोगप्रति आभार प्रकट गर्नुभयो। यसका साथै स्पेनमा बसोबास गर्ने नेपाली समुदाय र नेपाल भ्रमणमा आउने स्पेनी पर्यटकहरुबाट नेपाल-स्पेन सम्बन्ध थप प्रगाढ बन्ने बताउनुभयो। साथै लुम्बिनीलाई विश्व शान्तिको केन्द्र बनाउने नेपाल सरकारको गुरुयोजनाका बारेमा जानकारी गराउनुभयो। सिनेटका अध्यक्ष पिलर लप क्विनले नेपाल र स्पेनबीच संसदीय आदान-प्रदान बढाउनुपर्ने बताउनुभयो। यसका साथै विषम् परिस्थितिमा प्रविधिको प्रयोग गर्न सकिने बताउनुभयो।

साताव्यापी भ्रमण अत्यन्त फलदायी तथा दूरगामी महत्व राख्ने रहेको र दुई देश बिचको सम्बन्धलाई जनस्तरबाट समेत प्रगाढ बनाउन सफल रहेको छ।

संघीय संसद सचिवालय
सिंहदरबार
मितिः २०७८/०१/०५

# सम्माननीय सभामुख अग्नी प्रसाद सापकोटाज्यूबाट स्पेन म्याड्रिड स्थित लुम्बिनी गार्डेन फाउन्डेसनको मुख्यालय भ्रमण








नेपालको संघीय संसदका सम्माननीय सभामुख अग्नी प्रसाद सापकोटाज्यूको नेतृत्वमा १४३ औं IPU Assembly मा सहभागी हुन नेपालबाट आउनु भएका माननीय ज्यूहरू, संसद सचिवालयका विशिष्ट व्यक्तित्वहरू सहित सम्पूर्ण अतिथि ज्यूहरूले स्पेनको Madrid मा रहेको लुम्बिनी गार्डेन फाउन्डेसनको कार्यालय अवलोकन गर्नु भएको छ ।

लुम्बिनी गार्डेन फाउन्डेसनको कार्यालय अवलोकन गरि नेपाल र लुम्बिनीको प्रचार प्रसार पर्यटन विकासका लागि फाउन्डेसनले अगाडि सारेका योजनाहरू साथै स्पेनको काथेरेस (Caceres, Extremadura, Spain) शहरमा निर्माण गरिने लुम्बिनी गार्डेन परियोजनालाई चासोका साथ ग्रहण गर्दै सुझाब दिनु भएकोमा सम्माननीय सभामुखज्यू लगायत सम्पूर्ण नेपाली प्रतिनिधि मण्डल र नेपाली राजदुतावास प्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौं ।

# सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही र Caceres चेम्बर अफ कमर्स स्पेन बीच भगिनी सम्बन्ध कायम





सम्माननिय राष्ट्रिय सभा अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाको प्रमुख आतिथ्यता, स्पेन एक्स्त्रेमादुरा प्रदेश सभाका सभामुखज्युको विशिष्ट आतिथ्यतामा लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको सहजीकरण/समन्वयमा सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही Caceres चेम्बर अफ कमर्स स्पेन बिच भगिनी सम्बन्ध कायम भएको छ । २०७८/०७/१२

(MOU Signing Ceremony)

Siddhartha Chamber of Commerce and Industry, Rupandehi Nepal & Cáceres Chamber of Commerce , Spain 29 th oct, 2021.

# सम्माननिय राष्ट्रपतिज्युसँग लुम्बिनी गार्डेन फाउन्डेसनका पदाधिकारीहरूको भेटघाट







लुम्बिनी र नेपाललाई बुद्ध जन्मस्थल र सर्वोच्च शिखर सगरमाथाको देश भनी अन्तर्राष्ट्रिय स्तरमा चिनाउने र विश्वभर बुद्धको शान्तिको सन्देश फैलाउने एवम् स्थानीय (पालिका) सरकार, प्रदेश सरकार र संघीय सरकारको अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क एवम् संस्थागत सम्बन्ध विस्तार गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने लुम्बिनी गार्डेन फाउन्डेसनको नीति, योजना तथा लुम्बिनी र नेपालको बिशेष गरि पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, वातावरण र खेलकुद लगायतको क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय अनुभव र सहयोगको आदानप्रदान गर्ने उद्देश्य अन्तर्गत विभिन्न कार्यक्रम हुँदै आएका छन् ।

सोही क्रममा बुद्धको शान्तिको सन्देश विश्व भर फैलाउन स्पेनको Caceres शहरमा गराईने लुम्बिनी गार्डेन प्रोजेक्टको काम र नेपालको पर्यटनको विकास गर्ने उद्देश्य अनुरूप लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको पहल र प्रयासमा जेड धातुबाट बनेको बुद्ध मुर्ति म्यानमारको सहयोगमा प्राप्त भएको छ र सो बुद्ध मुर्ति गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा राख्ने योजना रहेको छ । यसै क्रममा लुम्बिनी गार्डेन फाउन्डेसनले गर्न खोजेका कामहरू लगायत फाउन्डेसनका बिबिध गतिबिधि बारेमा सम्माननीय राष्ट्रपती बिद्यादेवी भण्डारीज्युलाई Lumbini Garden Foundation स्पेनका President Mr. Jose Manuel Vilanova उपाध्यक्ष गोविन्द सुवेदी लगायतले जानकारी गराउनु भयो ।

# सम्माननीय प्रधानमन्त्रीज्यु र राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूसँग स्पेन एक्स्त्रेमादुरा प्रदेशका माननीय सभामुखज्यूको नेतृत्वको प्रतिनिधी मण्डल र लुम्बिनी गार्डेन फाउन्डेसनका पदाधिकारी बीच भेटघाट








सम्माननिय प्रधानमन्त्री शेर बहादुर देउवा र राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना सङ्ग स्पेनको एक्स्त्रेमादुरा प्रदेशका सभामुख Blanca Martin Delgado (ब्लांका मार्तिन देलगादो) नेतृत्वमा आएको डेलिगेसनले भेटघाट गरेको छ । यस महत्त्वपूर्ण भेटघाट कार्यक्रममा माननीय गृहमन्त्री बालकृष्ण खाँण नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलको पनि उपस्थितिमा नेपाल र स्पेनको सम्बन्ध र सहयोग लगायत विभिन्न विषयमा छलफल भएको थियो ।

Spanish Delegation :

President of Assembly of Extremadura Autonomous Community
HonÚble Ms. Blanca Martín Delgado
Regional Minister of Culture Turismy Sports,
HonÚble Ms. Nuria Flores Redondo
Mayor of Cáceres City Council
HonÚble Mr. Luis Salaya Julián
President of Diputasion of Cáceres
HonÚble Mr. Carlos Carlos Rodriguez
Director General of Foreign Affairs of Extremadura
HonÚble Ms. Rosa Balas, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका President Jose Manuel Vilanova Aleman उपाध्यक्ष गोविन्द प्रसाद सुवेदी, महासचिव एकराज गिरि लगायतको उपस्थिति रहेको थियो । भेटका क्रममा स्पेनिस सभामुखको नेतृत्वको प्रतिनिधि मण्डलले नेपाल भ्रमण एवम् लुम्बिनी गार्डेन फाउन्डेसनले स्पेन सरकार र नेपाल सरकारको समन्वय र सहकार्यमा सञ्चालन हुन लागेको ऋबअभचभक लुम्बिनी गार्डेन प्रोजेक्टले नेपाल र स्पेनको सम्बन्ध थप मजबुत हुने विश्वास व्यक्त गरिएको थियो । सोही क्रममा स्पेनका सभामुखबाट अमुल्य समयका लागि सम्माननिय प्रधानमन्त्री लगायत सबैलाई धन्यवाद प्रकट गर्नुहुँदै बुद्धभुमीमा आउन पाउदा खुशी व्यक्त गर्नुभएको थियो । २०७८ कार्तिक

## पर्यटनको विकासका लागि सरोकारवालाहरूको बैठक लुम्बिनी




## लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट वडा नं. १० मधुवनीमा १०० शैया अस्पताल निर्माणका लागि प्रस्तावित जग्गाको निरिक्षण (लुम्बिनी साँस्कृतिक नगरपालिका, लुम्बिनी गार्डेन फाउन्डेसन र स्पेनीस डाक्टरहरू) मिति २०७८ असोज




## कपिलवस्तु निग्लिहवा स्थित अशोका पिल्लरको निरिक्षण



सम्मानिनिय राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाज्यु
Spanish Delegation :-

1. President of Assembly of Extremadura Autonomous Community
HonÚble Ms. Blanca Martín Delgado
2. Regional Minister of Culture Turism y Sports, HonÚble Ms. Nuria Flores Redondo
3. Mayor of Cáceres City Council HonÚble Mr. Luis Salaya Julián
4. President of Diputasion of Cáceres
HonÚble Mr. Carlos Carlos Rodriguez, लुम्बिनी मेयर मनमोहन चौधरी, कपिलवस्तु मेयर किरण सिह, लुम्बिनी विकास कोषका पदाधिकारीहरू, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष Jose Manuel Vilanova Aleman लगायत स्पेनिस पाहुनाहरूले कपिलवस्तुको निग्लिहवा स्थित अशोका पिल्लरको Visit गर्नुभएको छ ।

# १०० शैय्या अस्पताल, साँस्कृतिक हाउस, लुम्बिनी बसपार्क र १५ शैय्या अस्पताल निर्माण गर्न जग्गा प्राप्ति प्रक्रिया अन्तर्गत समुदाय र उपभोक्ताबाट सर्जिमिन कार्य सम्पन्न













नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय अन्तर्राष्ट्रिय सरकारी गैरसरकारी संघ संस्था विशेष गरि लुम्बिनी गार्डेन फाउन्डेसनको आर्थिक प्राविधिक सहयोगमा लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा प्रस्तावित १०० शैय्या अस्पताल, साँस्कृतिक हाउस, लुम्बिनी बसपार्क र १५ शैय्या अस्पताल निर्माणका लागि जग्गा प्राप्ति प्रक्रिया अन्तर्गत वडा न. १० मधुवनी (साबिक मधुबनी वडा न. २ क कित्ता न. ४८ क्षेत्रफल ३ बिघा २ कट्ठा ३ धुर, कित्ता न. ३४२ क्षेत्रफल ११ कट्ठा १ धुर र कित्ता न ३४३ क्षेत्रफल २ बिघा १६ कट्ठा ७ धुर जग्गामा) मा १०० शैय्या र साँस्कृतिक हाउस एवम् सोको कार्यालय भवन निर्माण र साविक वडा न. ८ को कित्ता न २९४ क्षेत्रफल १८ कट्ठा १६ धुरमा लुम्बिनी बसपार्क निर्माण र वडा न. ६ (साविक तेनुहवा गा.वि.स. वडा न. ५ क कित्ता न. १५९ क्षेत्रफल १ बिघा २ कट्ठा ८ धुर) तेनुहवा मा १५ शैय्या अस्पताल निर्माणका लागि समुदाय एवम् उपभोक्ता र सरोकारवालाबाट जग्गा अवस्था निरिक्षण र सो कार्य अगाडि बढाउन समुदाय एवम् उपभोक्ता उल्लेखित कार्यका लागि सो जग्गा प्रदान गर्न सहमति सहितको सर्जिमिन कार्य सम्पन्न भएको छ ।

सर्जिमिन कार्य नगर प्रमुख मनमोहन चौधरी, वडा न. ६ का वडा अध्यक्ष नैमुलहक सम्बन्धित वडाका वडा अध्यक्ष एवम् जनप्रतिनिधिहरूको रोहवर र जिल्ला प्रशासन कार्यालय रूपन्देहीका प्रशासकीय अधिकृत बिक्रम थापा, मालपोत कार्यालय भैरहवा रूपन्देहीका प्रमुख मालपोत अधिकृत केशवराज सुबेदी, नायब सुब्बा अजित कुमार सहानी, नापी कार्यालय भैरहवा रूपन्देहीका नापी अधिकृत हरिकृष्ण त्रिपाठि, अमिन दिपक खनाल, जिल्ला वन कार्यालय रूपन्देहीका सहायक वन अधिकृत मोसाफिर भगत र लुम्बिनी साँस्कृतिक नगरपालिका शाखा अधिकृत दामोदर पाण्डे, समन्वय अधिकृत तुलसीराम लामिछाने, मधुवनी CLC का अध्यक्ष एवम् मधुवनी गाविसका पुर्व अध्यक्ष सुग्रीव यादव, लुम्बिनी होटल संघका उपाध्यक्ष शेखर कार्की, सदस्य घनश्याम गुप्ता, संघ संस्थाका प्रतिनिधि, समुदाय करिब १०० जनाको उपस्थिति एवम् रोहवरमा मिति २०७८/१०/२२ मा लुम्बिनीमा सम्पन्न भएको छ । यस महत्त्वपूर्ण कार्यलाई अगाडि बढाउन समुदायबाट माग र अनुरोध भएको छ ।

# अन्तर्राष्ट्रिय स्तरको निशुल्क स्वास्थ्य शिविर लुम्बिनी









लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गाडेन फाउन्डेसन, स्पेनको संयुक्त आयोजनमा स्पेनिस स्त्रीरोग विशेषज्ञ डाक्टरहरू, लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवाका विशेषज्ञ डाक्टरहरू सहितको प्राबिधिक सहयोगमा लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका स्थानिय डाक्टरहरू, स्वास्थ्यकर्मीहरू, जनप्रतिनिधिहरू, संघसस्थाहरू, सुरक्षा कर्मिहरू, सहयोगी कर्मचारीहरू, लिडस कलेजका विद्यार्थिहरू, समाज सेविहरू सन्चारकर्मिहरू तथा सेवा ग्राहिहरू समेतको सहभागीतामा लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र, लुम्विनीमा स्त्री तथा प्रजनन स्वास्थ्य सम्बन्धि निशुल्क स्वास्थ्य शिविर मिति २०७८/०६/१५ गतेका दिन नगर प्रमुख श्री मनमोहन चौधरीज्यु को अध्यक्षतामा कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाज्युले शिविर समुद्घाटन गर्नु भएको थियो । विशिष्ट अतिथिहरू लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेश कुमार त्रिपाठी मेत्तया भन्ते, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष जोसे मानुयल भिलानोभा, उपाध्यक्ष गोबिन्द सुवेदी, माहासचिव एकराज गिरि, लगायतको उपस्थिति थियो । मिति २०७८/०६/१६ देखि १८ गते सम्म ३ दिनसम्म सञ्चालन भै सम्पान्न भएको थियो । ४ दिन सम्म संचालित शिविरबाट जम्मा ८५९ जनाले विभिन्न सेवा तथा औषधि प्राप्त गर्नु भएको छ । जस्मा महिला -७४६ र पुरूष -११३ जना थिए यस मध्ये २३५ जना महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी विशेष समस्या का विभिन्न रोगको निदान तथा उपचार भएको छ भने मध्ये ४ जनाको पाठेघर खसेको समस्याको र १ जनाको फिस्टुला अप्रेसन गर्न पर्ने बिरामी रहेका थियो । अन्य ४ जना, पाथेघरका अन्य समस्याको अप्रेसन गर्ने खालका रहेका बिरामीको निदान भयो । महिलाका अन्य समस्याका जेनरल मेडिसिन सेवा लिने -३९३ जना रहेका थिए, १४० जनाले USG सेवा ,१०६ जनाले ल्याब सेवा,२३ जनाले ECG सेवा १५६ जनाले सर्जिकल समस्याको जांच सेवा, अन्य विभिन्न सेवा तथा परामर्श लिने ७५ जना थिए । ४ दिन सम्म सन्चालित शिविरमा आई महिलाका बिभिन्न समस्याको निदान गराई औषधि तथा परामर्श लिनु भएको थियो ।

लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका स्पेनिस डा. हरूबाट निशुल्क सेवा, औषधी र स्वास्थ्य सम्बन्धि मेशिनरी सामाग्री प्राप्त भएको छ ।

# अन्तर्राष्ट्रिय स्तरको निशुल्क स्वास्थ्य शिविर बागलुङ












बागलुङ नगरपालिका, धौलागिरी अस्पताल बागलुङ र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन/नेपालको सयुक्त आयोजनामा धौलागिरी अस्पताल बागलुङमा मिति २०७८/११/३० देखि २०७८/१२/०४ सम्म बृहत स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन भै सम्पन्न भएको छ ।

शिविर उद्घाटन कार्यक्रम नगर प्रमुख श्री जनकराज पौडेलज्युको अध्यक्षता, राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्युको प्रमुख आतिथ्यता, संघीय सासद माननीय डा. सुर्य पाठकज्युको विशिष्ट आतिथ्यता, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका संस्थापक उपाध्यक्ष श्री गोविन्द सुवेदिज्युको विशिष्ट आतिथ्यता, बागलुङ जिल्ला प्रमुख जिल्ला अधिकारी श्री रमेश ढकालज्युको विशिष्ट आतिथ्यता, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका महासचिव श्री एकराज गिरि, स्पेनिस डाक्टरहरू Dr. Marcos, Dr. Cecilia, Dr. Laura Dr. Leticia, Dr. Mercedes, Dr. Coloman, Dr. Juan Ramon, राजनैतिक दलका प्रमुख/प्रतिनिधिज्युहरूको आतिथ्यता, संघ संस्थाका प्रमुख/प्रतिनिधिज्युहरू र सेवाग्राहीको उपस्थितिमा स्वास्थ्य शिविर उद्‌घाटन कार्यक्रम सम्पन्न भएको छ ।

# विरामीको अप्रेशन तथा उपचारको लागि डाक्टरहरू र सरोकारवाला संस्थाको बैठक





**लुम्बिनी स्वास्थ्य शिविरका अप्रेसन गर्नु पर्ने बिरामीहरू अप्रेसन गर्नु हुँदै सहकार्य संस्था लुम्बिनी गार्डेन फाउण्डेसनका स्पेनिस डा. र लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका डा. हरू**

लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन/नेपाल र स्पेनिस डा. हरूका बीच स्वास्थ्य सम्बन्धि कार्यक्रममा समन्वय, सहकार्य र सहयोग सम्बन्धि बैठक बुटवलमा सम्पन्न भएको छ ।

लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजना, प्रादेशिक अस्पताल बुटवल, UCMS भैरहवा र स्पेनिस डा. हरूको प्राविधिक सहयोगमा लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र (PHC) मा मितिः २०७८/०६/१५-१८ सम्म संचालित स्वास्थ्य शिविर कार्यक्रमका अप्रेसन गर्नु पर्ने बिरामिहरूको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा अप्रेसन कार्य सम्पन्न भएको छ । यस बैठक एवम महत्वपूर्ण कार्यमा सहयोग र साथका लागि लुम्बिनी प्रादेशिक अस्पताल र मे.सु. डा. इन्द्र ढकाल, पुर्व अस्पताल निर्देशक डा. राजेन्द्र खनाल, स्त्री रोग विशेषज्ञहर डा. बिष्णु गौतम, डा. रमेश पौडेल लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछौ ।

**आज बुटवलमा सम्पन्न बैठकमा सहभागीहरू**

१) लुम्बिनी अस्पताल निर्देशक डा. इन्द्र ढकाल ।

२) लुम्बिनी प्रादेशिक अस्पतालका
- क) पुर्व अस्पताल निर्देशक डा. राजेन्द्र खनाल ।
- ख) डा. सागर न्यौपाने ।

३) लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका महासचिव एकराज गिरि ।

४) लुम्बिनी सास्कृतिक नगरपालिकाका
- क) जनस्वास्थ्य अधिकृत युवराज घिमिरे ।
- ख) समन्वय अधिकृत तुलसीराम लामिछाने ।

५) स्पेनिस डा. हरू
1. Dr. Juan Marcos Ordenes González
2. Dr. José Ramon Fuentes Moran
3. Dr. Yeniffer Tatiana Moreno Salazar
4. Cecilia Raquel Rivas Urrutia (Nurse)

# अन्तर्राष्ट्रिय स्तरको १०० शैया अस्पतालको First Pre Project Presentation

लुम्बिनी गार्डेन फाउन्डेसनको पहलमा लुम्बिनी साँस्कृतिक नगरपालिकाद्वारा लुम्बिनीमा प्रस्तावित अन्तर्राष्ट्रिय स्तरको १०० शैय्या अस्पतालको निर्माण प्रक्रिया अगाडी बढाउने क्रममा First Pre Project Presentation कार्यक्रम नगर प्रमुख मनमोहन चौधरीज्युको अध्यक्षता, लुम्बिनी प्रदेश सभा नेपाली काङ्ग्रेसका प्रमुख सचेतक माननीय फकरूद्धिन खानज्यु, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका संस्थापक उपाध्यक्ष श्री गोविन्द सुबेदीज्यु, नेपाल प्रेस युनियनका केन्द्रिय अध्यक्ष श्री बद्री सिग्देलज्यूको बिशेष उपस्थितिमा संघ संस्थाका प्रमुख/प्रतिनिधिको उपस्थितिमा २०७८/१२/२८ गते लुम्बिनीमा सम्पन्न भएको छ ।

First Pre Project Presentation स्पेनका Mr. Carlos (आर्कीटेक्ट) ले प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमको सहजीकरण/ सन्चालन लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका संस्थापक महासचिव श्री एकराज गिरिले गर्नुभएको थियो ।








# स्वास्थ्य शिविरमा सहयोग गर्ने नेपाली तथा स्पेनीस डाक्टरहरू र संस्थालाई सम्मान मिति: २०७८ असोज










लुम्बिनी सास्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजना, प्रादेशिक अस्पताल बुटवल, UCMS भैरहवा र स्पेनिस डा. हरूको प्राविधिक सहयोगमा लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र (PHC) मा संचालित स्वास्थ्य शिविर मिति २०७८/०६/ १५-१८ सम्म र मिति २०८७/०६/१९ मा अप्रेसन कार्यमा प्रत्यक्ष सहभागी भै सेवा/कार्य गरे बापत निम्न डा. र नर्सहरूलाई सम्मानपत्र एवं मायाको चिनो प्रदान गर्नुहुदै नगर प्रमुख मनमोहन चौधरी

**Lumbini Garden Foundation स्पेनिस डा. हरू**

1. Lumbini Garden Foundation Nepal & Spain
2. Dr. Juan Marcos Ordenes González
3. Dr. José Ramon Fuentes Moran
4. Dr. Yeniffer Tatiana Moreno Salazar
5. Cecilia Raquel Rivas Urrutia (Nurse)

सो समारोहमा नगर प्रमुखज्युले नगरपालिकाको निमन्त्रणामा स्पेनबाट लुम्बिनी आई शिविर सन्चालन र बिरामीको अप्रेसनमा पुर्ण रूपमा सहयोग गर्ने सम्पुर्ण स्पेनिस डा. हरू र लुम्बिनी गार्डेन फाउन्डेसनलाई धन्यवाद दिनु भएको र आउँदा दिनमा पनि स्वास्थ्य क्षेत्रमा लुम्बिनी र स्पेनले सहयोग र सहकार्य गर्ने नगरपालिकाको योजना रहेको जानकारी गराउनु भएको थियो यसै क्रममा स्पेनिस डा. हरूले लुम्बिनीमा अस्पताल निर्माण र स्वास्थ्य क्षेत्रमा लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सहयोग र साथ दिने प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।

# लुम्बिनीको प्रचारप्रसार एवम् पर्यटनको विकासका लागि महाकरूणा बुद्ध मुर्ति गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा स्थापना गर्न सरोकारहरूको बैठक







लुम्बिनी साँस्कृतिक नगरपालिका, सिद्धार्थनगर नगरपालिका, सिद्धार्थ उद्योग वाणिज्य संघ भैरहवा रूपन्देही, लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन र लुम्बिनी होटल संघ लगायत सरोकारवालाहरूको समन्वय एवम् सहकार्य बैठक सिद्धार्थनगर उद्योग वाणिज्य संघ भैरहवाका अध्यक्ष भीष्म न्यौपानेको अध्यक्षता, लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख मनमोहन चौधरी, सिद्धार्थनगर नगरपालिकाका प्रमुख हरि अधिकारी, Lumbini Garden Foundation Spain President Mr. Jose Manuel Vilanova Aleman, Lumbini Garden Foundation Spain का उपाध्यक्ष गोविन्द सुबेदीको बिशेष उपस्थितिमा सिद्धार्थ उद्योग वाणिज्य संघको कार्यालय भैरहवामा सम्पन्न भएको छ । बैठकमा लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको पहलमा प्राप्त Jade Stone धातुको बुद्ध मुर्तिको स्वागत र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा स्थापना एवम् अनावरण कार्यक्रमको व्यवस्थापन, पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा, वातावरण र खेलकुद लगायतका क्षेत्रमा सरोकारवाला बिच सहकार्य, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सिद्धार्थ उद्योग वाणिज्य संघ र Caceres Chamber of Commerce, Spain बिच भगिनी सम्बन्ध कायम र बुद्ध मुर्तिको अनावरण सव्य र भव्य गर्ने बारे छलफल निर्णय गरि बैठक सम्पन्न भएको छ । बैठकमा लुम्बिनी सास्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुपेन्द्र पाण्डेय, Lumbini Garden Foundation Spain महासचिव एकराज गिरि, सिद्धार्थनगर उद्योग वाणिज्य संघका IPP Kul Prasad Neupane, Senior Vice President Thakur Prasad Sherestha, Udyog Vice President Dilip Kandu, Treasure एवम् लुम्बिनी होटल संघका अध्यक्ष Govinda Gyawali, Member Secretary Bijay Pandey, Secretary Dipendra Pradhan एवम् कार्य समितिका सदस्यहरू र कार्यालय सचिव र उपसचिव, लुम्बिनी होटल संघका निवर्तमान अध्यक्ष मिथुनमान श्रेष्ठ, लुम्बिनी होटल संघका वरिष्ठ उपाध्यक्ष लीलामणि शर्मा, लुम्बिनी साँस्कृतिक नगरपालिकाका समन्वय अधिकृत तुलसी राम लामिछाने र लुम्बिनी गार्डेन फाउन्डेसनका कार्यालय सचिव विश्व कार्की लगायतको उपस्थिति रहेको थियो । यस महत्वपूर्ण बैठक एवं कार्यक्रमको सम्पुर्ण व्यवस्थापन लुम्बिनी गार्डेन फाउन्डेसनको समन्वयमा सिद्धार्थ उद्योग वाणिज्य संघ भैरहवाले गरेको थियो ।

# लुम्बिनीको पर्यटन विकासम गरिएका प्रयास र पहलको बारेमा जानकारी दिन प्रेस मिट




गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा मिति २०७८/०७/१४ गते सम्माननिय राष्ट्रपति विद्यादेवी भन्डारीज्युबाट अनावरण हुने जेड स्टोनको बुद्ध मुर्ति (अनावरण) स्पेनिस गेष्टहरूको मिति २०७८/०७/११-१६ सम्म नेपाल लुम्बिनी भ्रमण र लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनका उद्देश्य र कार्यक्रम बारे जानकारीका लागि आयोजित प्रेस Meet कार्यक्रम लुम्बिनी साँस्कृतिक नगरपालिकाका नगर प्रमुख मनमोहन चौधरीको अध्यक्षता, सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख हरि प्रसाद अधिकारी, रामग्राम नगरपालिकाका नगर प्रमुख नरेन्द्र कुमार गुप्ता, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका उपाध्यक्ष गोविन्द प्रसाद सुवेदी, महासचिव एकराज गिरिको विशेष उपस्थितिमा सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देहीका अध्यक्ष भीष्म न्यौपानेको स्वागत, महासचिव बिजय पाण्डेको सन्चालनमा भैरहवामा सम्पन्न भएको थियो । लुम्बिनी साँस्कृतिक नगरपालिकाको आयोजना, लुम्बिनी गार्डेन फाउन्डेसनको समन्वय, सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही र लुम्बिनी होटल संघ नेपालको संयोजनमा भैरहवा प्रेस मिट आयोजिना गरिएको थियो ।

कार्यक्रममा लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुपेन्द्र पाण्डेय, लुम्बिनी होटल संघका अध्यक्ष गोविन्द ज्ञवाली, सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही र लुम्बिनी होटल संघ नेपालका पदाधिकारी एवम् सदस्य र नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष एवम् परिवार र लुम्बिनी प्रेस कल्बका अध्यक्ष एवम् परिवार लगायत सन्चारकर्मीहरूको उपस्थित रहेको थियो । यसै क्रममा एयरपोर्टको VISIT गरिएको थियो । २०७८ कार्तिक १० गते ।

# लुम्बिनीको प्रचारप्रसार, पर्यटन प्रवर्द्धन तथा विकास र विश्व शान्तिको कामना एवम् Lumbini Garden Caceres Project स्पेनको सफलताका लागि कामना गर्दै दीप प्रज्ज्वलन, प्रार्थना लुम्बिनी मायादेवी मन्दिर परिसर










बुद्धको शान्ति सन्देश विश्वभर फैलियोस एवं संसारभर शान्तिको कामना र स्पेनमा सन्चालन हुन लागेको बुद्ध लुम्बिनी प्रोजेक्ट सफलताको कामना गर्दै आज लुम्बिनीमा भिक्षु/भन्तेहरूबाट बुद्ध दर्शन अनुसार लुम्बिनी मायादेवी मन्दिर परिसरमा पुजा, प्रार्थना एवम् दिप प्रज्वलन गरिएको छ । यस महत्वपूर्ण कार्यक्रममामा Grand Buddha Project of Cáceres æCáceres Sacred LandæLumbini Garden Foundation Oct. 30th, 2021 Mayadevi Temple, Lumbini, Nepal. सम्माननिय राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना बागमती प्रदेश सभा सभामुख सानु कुमार श्रेष्ठ लुम्बिनी विकास कोषका सचिव सानू राजा शाक्य, लुम्बिनी विकास कोषका पदाधिकारी एवम् कर्मचारीहरू

**Spanish Delegation :-**

President of Assembly of Extremadura Autonomous Community HonÚble Ms. Blanca Martín Delgado, Regional Minister of Culture Turism y Sports, HonÚble Ms. Nuria Flores Redondo, Mayor of Cáceres City Council

HonÚble Mr. Luis Salaya Julián,
President of Diputasion of Cáceres
HonÚble Mr. Carlos Carlos Rodriguez,

लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष Jose Manuel Vilanova Aleman, गोविन्द सुवेदी उपाध्यक्ष लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन, लगायत उद्योगी, पर्यटन व्यसायी र होटल व्यसायीको सहभागितामा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको व्यवस्थापन संयोजन सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही र लुम्बिनी होटल संघ नेपालले गरेको थियो यी दुबै संस्थाका सम्पुर्ण परिवारलाई हार्दिक आभार प्रकट गर्दछौं । दीप प्रज्वलन लगायतका कार्यक्रम सफल पार्न लुम्बिनी विकास कोष, सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही र लुम्बिनी होटल संघ नेपाल लगायतका विभिन्न संघ संस्था र महानुभावहरूबाट सहयोग प्राप्त भएको थियो । कार्यक्रमको सहजीकरण लुम्बिनी होटल संघले गरेको थियो । मिति २०७८ कार्तिक १३ ।

# लुम्बिनीको प्रचार प्रसार र बुद्धको शान्ति सन्देश विश्वभर फैलाउन महाकरुणा बुद्धमुर्ति भैरहवा र लुम्बिनी नगर परिक्रमा











बुद्धको शान्तिको सन्देश संसारभर फैलाउने र विश्व शान्तिको कामनाका लागि लुम्बिनी र नेपालको विकासका लागि अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्ने गरि बुद्ध सङ्ग सम्बन्धित देवदह नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका, अन्य पालिका र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन, लुम्बिनी गार्डेन फाउन्डेसन नेपालसँगै संस्थागत सम्बन्ध कायम भै विभिन्न कार्यक्रममा सहकार्य हुँदै आएको छ । यसै क्रममा लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको पहल र देवदह नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिकको सहकार्यबाट म्यानमारबाट प्राप्त White Jade Buddha Statue (बुद्ध मुर्ति) गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा राख्न लागिएको छ । बुद्ध मुर्तिको भव्य स्वागत गरि बुद्ध दर्शन र परम्परा अनुसार बेलहिया र बुद्ध जन्मस्थल लुम्बिनीमा भिक्षु/भन्तेहरूबाट मन्त्र, पुजा गरिएको थियो ।

बुद्ध मुर्तिको स्वागत र परिक्रमामा साथ, सहभागिता र मार्ग दर्शन प्रदान गर्नुहुने लुम्बिनी विकास कोषका उपाध्यक्ष आदरणीय अवधेश कुमार त्रिपाठी (मेत्तया भन्ते) ज्यु प्रती हार्दिक नमन प्रकट गर्दछु ।

यो ऐतिहासिक अनि अविस्मरणीय क्षण र कार्यक्रमको सम्पुर्ण रुपमा संयोजन र व्यवस्थापन गर्नु हुने सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देहीका अध्यक्ष भीष्म न्यौपाने, उपाध्यक्षज्युहरू, महासचिव बिजय पण्डेय, कोषाध्यक्ष गोविन्द ज्ञवाली लगायत सम्पुर्ण पदाधिकारी एवम् कार्य समिति सदस्यज्युहरू, लुम्बिनी होटल संघ नेपालका अध्यक्ष गोविन्द ज्ञवाली, सल्लाहकार हेम बिष्ट, निवर्तमान अध्यक्ष मिथुनमन श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष लीलामणि शर्मा, महासचिव पुर्षोत्तम काफ्ले, सचिव भुपेन्द्र गुरूङ, सदस्य घनश्याम गुप्ता लगायत सम्पुर्ण कार्य समिति सदस्यहरू प्रति बिशेष धन्यवाद सहित आभार प्रकट गर्दछौ ।

साथै कार्यक्रमलाई भव्य र अनुशासित बनाउन प्रत्यक्ष अप्रत्यक्ष सहयोग प्रदान गर्नुहुने जनप्रतिनिधिज्युहरू, राजकीय थाई बुद्ध बिहारका भन्ते ज्युहरु राजन खडकाजि, विभिन्न संघ संस्थाका प्रतिनिधिहरू सम्पुर्ण सन्चारकर्मी मित्रहरु, सुरक्षा निकाय, भैरहवा र लुम्बिनी क्षेत्रका आदरणीय भिक्षुहरु, सहित कार्यक्रममा सहभागी सम्पूर्ण आमाबुबा, दिदीबहिनी, दाजुभाई प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

# लुम्बिनी र नेपालको राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार र पर्यटन प्रवर्द्धन एवं विकासका लागि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा महाकरूणा बुद्ध मुर्ति अनावरण




























लुम्बिनी गार्डेन फाउन्डेसन र लुम्बिनी साँस्कृतिक नगरपालिकाको पहल देवदह नगरपालिका, कपिलवस्तु नगरपालिका र रामग्राम नगरपालिकाको समन्वयमा म्यानमार सरकार र मा. लिविन ग्रुप म्यानमारको सहयोगमा लुम्बिनीलाई प्राप्त जेड स्टोन White Jade Buddha Statue (बुद्ध मुर्ति) अनावरण कार्यक्रम लुम्बिनी साँस्कृतिक नगरपालिकाका नगर प्रमुख मनमोहन चौधरीको अध्यक्षता, सम्माननिय राष्ट्रपति विधादेवी भण्डारीज्युको प्रमुख आतित्थ्यता, सम्माननिय राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यु, कार्यवाहक प्रधानमन्त्री एवम् गृहमन्त्री माननीय बालकृष्ण खाँणज्युको विशिष्ट आतित्थ्यता, स्पेन एक्त्रेमादुरा प्रदेशका सभामुखज्युको विशिष्ट आतित्थ्यता, लुम्बिनी प्रदेश सरकारका माननीय मुख्यमन्त्री कुलप्रसाद केसि., संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आले, लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेश कुमार त्रिपाठिज्यु, स्पेन सरकारका प्रतिनिधी, पर्यटन व्यवसायीहरू, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष Jose Manuel Vilanova लगायत उच्च पदस्थ एवम् शान्तिप्रेमी महानुभावहरूको उपस्थितिमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा (महाकरूणा बुद्धमुर्ति अनावरण कार्यक्रम) सम्पन्न भएको छ । यस ऐतिहासिक एवम् महत्त्वपूर्ण कार्यक्रमले लुम्बिनी गार्डेन फाउन्डेसन र बुद्धसँग सम्बन्धित पालिका एवम् लुम्बिनी वरिपरिका अन्य पलिकाको सहकार्यमा सर्बोच्च शिखर सगरमाथा र बुद्ध जन्मस्थल देश नेपाल र लुम्बिनीको विश्वभर प्रचारप्रसार गर्न, बुद्धको शान्तिको सन्देश संसारभर फैलाउन र विश्वभर शान्तिको कामना गर्न विभिन्न कार्यक्रममा सहकार्य गर्न, लुम्बिनी र नेपालको विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न सहयोग पुगेको छ र पुग्नेछ ।

बुद्ध मुर्तिको स्वागत र परिक्रमा एवम् अनावरण कार्यक्रममा नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघ संस्था र महानुभावहरूबाट सहयोग प्राप्त भएको छ । कार्यक्रमका प्रमुख अतिथिज्यु, विशिष्ट अतिथिज्यु, अतिथिज्युहरू र उपस्थिति सम्पुर्ण महानुभावहरूलाई स्वागत लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका उपाध्यक्ष गोविन्द सुबेदीले गर्नुभएको थियो यसैगरी कार्यक्रमको सञ्चालन लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका महासचिव एकराज गिरि र लुम्बिनी गार्डेन फाउन्डेसन नेपालका बोर्ड सदस्य अनिता बिन्दुले गर्नुभएको थियो ।

कार्यक्रमलाई भव्य, सव्य, व्यवस्थित र सफल बनाउन पुर्ण साथ सहयोग प्रदान गर्ने लुम्बिनी विकास कोष, सहकार्य पालिका, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा, सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही, लुम्बिनी होटल संघ नेपाल एवम् राजकीय थाई बिहार लुम्बिनी लगायत संघ संस्था, महानुभावहरू मा बिशेष धन्यवाद प्रकट गर्दछौ ।

04/05/2021

नेपाल सरकार

# अर्थ मन्त्रालय

(राजस्व व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-

आ.ब. २०७७/७८
च.नं.: ६२९ (छुट)
फाइल नं.: २३(७)

मिति : २१/०१/२०७८

भन्सार विभाग,
नीति, महसुल शाखा,
त्रिपुरेश्वर, काठमाडौं ।

**विषय:– राजस्व छुट सम्बन्धमा ।**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय को च.नं. ८२९, मिति १६/०१/२०७८ को पत्रवाट लुम्विनी सांस्कृतिक नगरपालिका, रुपन्देही, नेपाल(स्थाई लेखा नं ०) लाई तपसीलमा उल्लिखित सामग्रीहरुको पैठारीमा राजस्व छुट दिने सिफारिशसाथ लेखी आएको व्यहोरा कारवाहीका लागी पेश हुँदा आर्थिक ऐन २०७७ को दफा १८(२) बमोजिम भन्सार महसुल, अन्त:शुल्क तथा मू.अ.कर पुरै छुट दिने नेपाल सरकार ( मन्त्री स्तर) को मिति २१/०१/२०७८ को निर्णयानुसार आवश्यक कार्यार्थ अनुरोध छ ।

तपसील:

| सामानको विवरण | विजक नं./मिति | वर्गीकरण उपशीर्षक | परिमाण | इकाइ | मूल्य |
|---|---|---|---|---|---|
| White Jade Stone को बुद्ध मुर्ति | 2nd May 2021 | 0 | 1 | Pcs | USD 26100000 |

द्रष्टव्य:-

उक्त White Jade Stone बुद्धको मुर्ति लुम्विनी गार्डेन फाउन्डेसन र लुम्वनी ग्रुप प्रा.लि.को समन्वयमा म्यानमारका लुम्विनी ग्रुपको सहयोगमा लुम्विनी सांस्कृतिक नगरपालिकालाइ उपहार स्वरुप प्रदान गरिएको ।

घनश्याम सुवेदी
शाखा अधिकृत

बोधार्थ:-
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२११११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

10.3.102.151:8081/RevenueExempt_v120/mof/letter.xhtml?id=5454

# लुम्बिनी गार्डेन फाउन्डेसनबाट उच्चस्तरीय भेटघाट











लुम्बिनी साँस्कृतिक नगरपालिका, देवदह, कपिलवस्तु रामग्राम नगरपालिका र नेपाल सरकार र स्पेन सरकार, एक्स्त्रेमादुरा प्रदेश स्पेन र Caceres नगरपालिका स्पेनको समन्वय र सहकार्यमा लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनले Caceres City मा बनाउने लुम्बिनी पार्क र लुम्बिनी गार्डेन फाउन्डेसनले लुम्बिनी सेरोफेरोका क्षेत्रमा गर्न खोजेका कामहरू, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा राख्ने White Jade Buddha Statue, बुद्धको शान्तिको सन्देश विश्वभर फैलाउन गरिएका कार्य र अन्तर्राष्ट्रिय स्तरमा लुम्बिनी र नेपालको प्रचार प्रसार बारेमा सम्माननीय राष्ट्रपति बिद्यादेवी भन्डारीज्यू, सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाज्यू, सम्माननीय राष्ट्रिय सभा अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यू, निवर्तमान प्रधानमन्त्री केपि शर्मा वलीज्यु, पूर्व प्रधानमन्त्री पुष्पकमल दाहल प्रचण्डज्यु, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन माननीय मन्त्री प्रेम आलेज्यु लगायत उच्च पदस्थ महानुभावहरू लगायतलाई जानकारी विविध विषयमा छलफल र भेटघाट गर्नुहुँदै लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष/President Mr. Jose Manuel Vilanova Aleman, उपाध्यक्ष गोविन्द सुबेदी, महासचिव एकराज गिरि र सदस्य अनिता विन्दु ।

# कार्यबाहक प्रधानमन्त्री बालकृष्ण खाँणज्यु र स्पेन एक्स्त्रेमादुरा प्रदेशका सभामुख माननीय President of Assembly of Extremadura Autonomous Community HonÚble Ms. Blanca Martín Delgado, नेतृत्वको प्रतिनिधी मण्डल र लुम्बिनी गार्डेन फाउन्डेसनका पदाधिकारी बीच भेटघाट







कार्यवाहक प्रधानमन्त्री एवम् गृहमन्त्री माननिय बालकृष्ण खाणज्युसँग स्पेन एक्स्त्रेमादुरा प्रदेशका सभामुख माननीय President of Assembly of Extremadura Autonomous Community HonÚble Ms. Blanca Martín Delgado को नेतृत्वमा नेपाल भ्रमणमा रहेको प्रतिनिधि मण्डलले गृह मन्त्रालयमा भेटघाट गरेको छ ।

भेटघाटका क्रममा कार्यवाहक प्रधानमन्त्रीज्यु स्पेन सबैका लागि महत्त्वपूर्ण देश हो किनकि प्रहिलो, दोस्रो विश्व युद्धमा पनि समन्वयकारी भुमिका खेलेको र विभिन्न अवस्थामा सबै देश र क्षेत्रमा  सबै सङ्ग समन्वय गर्न सक्ने संस्कृति, पर्यटन, खेलकुद लगायत धेरै क्षेत्रमा अगाडि रहेको हुँदा नेपाललाई पनि स्पेनको अनुभव र सहयोगको आदानप्रदान गर्न सकिनेछ ।

यहाँहरूको नेपाल भ्रमणको शुरुवातीमा नै सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाज्यूसँग भेटघाट विविध विषयमा छलफल भएको र लुम्बिनी गार्डेन फाउन्डेसनले नेपाल सरकार र स्पेन सरकारको सहयोग र समन्वयमा स्पेनको Caceres. City मा बुद्ध लुम्बिनी प्रोजेक्ट निर्माण गरि बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने र लुम्बिनी र नेपालको संसारभर प्रचारप्रसार गरि लुम्बिनी र नेपालको विकासमा अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्ने कार्यक्रम सह्रानिय छ यी र यस्ता कार्यक्रममा नेपाल सरकारको लुम्बिनी गार्डेन फाउन्डेसन र स्पेन सरकारलाई साथ एवम् सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो । स्पेन जस्तै पर्यटन सम्भावना र पर्यटकीय स्थल नेपालमा रहेको हुँदा स्पेनिस नागरिकको नेपाल भ्रमणका लागि अनुरोध गर्नुभयो साथै याहाहरूको नेपाल भ्रमणले दुई देशको सम्बन्ध थप मजबुत भयको छ आउँदा दिनमा पनि नियमित भ्रमणका लागि अनुरोध गर्नुभएको छ ।

भेटका क्रममा कार्यवाहक प्रधानमन्त्रीज्युले लुम्बिनी प्रदेश र स्पेनको एक्स्त्रेमादुरा प्रदेश बीच मैत्रीपुर्ण संस्थागत सम्बन्ध विस्तारमा जोड दिनुभएको छ सोका लागि समन्वय र सहजीकरणका लागि लुम्बिनी गार्डेन फाउन्डेसन र एक्स्त्रेमादुरा प्रदेशलाई अनुरोध गर्नुभएको छ । स्पेनमा लुम्बिनी प्रोजेक्ट निर्माणमा सहयोग गर्ने स्पेन सरकार र

लुम्बिनी क्षेत्रको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा जेड स्टोनको अमुल्य बुद्धमुर्ति प्राप्ति र राख्नका लागि गरेको पहल प्रयासका लागि लुम्बिनी गार्डेन फाउन्डेसन,

स्पेन सरकारलाई नेपाल सरकारको तर्फबाट धन्यवाद प्रकट गर्नुभएको छ ।

हिजोको भैरहवा बुद्ध मुर्ति अनावरण र लुम्बिनी प्रोजेक्ट स्पेनले विश्व नागरिक नेपाल भ्रमण गर्न र नेपालको विकासमा अन्तर्राष्ट्रिय अनुभव र सहयोग आदानप्रदान गर्न हामी र अन्तर्राष्ट्रिय दाता उत्प्रेरित हुनेछन् भन्ने विश्वास व्यक्त गर्नुभएको छ । स्पेन एक्स्त्रेमादुरा प्रदेशका सभामुखज्युको नेतृत्वको प्रतिनिधि मण्डलको नेपाल भ्रमण सुखद र सफलताको कामना गर्नुभएको छ ।

